# राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना

## २०८१-२१००

नेपाल सरकार

**वन तथा वातावरण मन्त्रालय**

सिंहदरवार, काठमाडौं

२०८१

# राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना

## २०८१-२१००

नेपाल सरकार
**वन तथा वातावरण मन्त्रालय**
सिंहदरवार, काठमाडौं
२०८१

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं

**प्रकाशक** : नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

**स्वीकृत मिति** : २०८१ फाल्गुण १२ गते

**निर्णय स्तर** : नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय (माननीय मन्त्रिस्तर)

**प्रकाशित प्रति** : १०००

# सारांश


वन ऐन, २०७६ को दफा ११ उपदफा (१) मा नेपाल सरकारले प्रदेशभित्रको राष्ट्रिय वन र अन्तरप्रादेशिक वनको व्यवस्थापनको लागि प्रदेश सरकारसँग परामर्श गरी एकीकृत वा प्रदेशगत रणनीतिक योजना तयार गर्ने व्यवस्था रहेको छ भने वन नियमावली, २०७९ को नियम १४ मा वन तथा भू-संरक्षण विभागले प्रदेशभित्रको राष्ट्रिय वन र अन्तरप्रादेशिक वनको व्यवस्थापनको लागि प्रदेश सरकारसँग परामर्श गरी एकीकृत वा प्रदेशगत रणनीतिक योजना तर्जुमा गरी स्वीकृतिका लागि मन्त्रालयसमक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ। नेपाल सरकारबाट एकीकृत रणनीतिक योजना स्वीकृत भएपछि सम्बन्धित प्रदेशहरूले नेपाल सरकारबाट स्वीकृत एकीकृत रणनीतिक योजना वा प्रदेशगत रणनीतिक योजना बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयहरूले वन व्यवस्थापन योजना तयार गरी राष्ट्रिय वनको व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ।

यो एकीकृत रणनीतिक योजना तर्जुमा गर्ने क्रममा आवश्यक सूचना स्रोत र सन्दर्भ सामग्रीहरूको अध्ययन र विश्लेषण गरी सबै डिभिजन वन कार्यालय, प्रदेश वन निर्देशनालय र प्रदेशमा वन हेर्ने मन्त्रालय तथा अन्य सरोकारवालाहरूबाट प्रश्नावलीमार्फत् सुझाव सङ्कलन तथा विश्लेषण गरिएको र प्रदेशहरूमा छलफल गोष्ठी आयोजना गरी रणनीतिक योजनालाई अन्तिम रूप दिइएको छ। यस रणनीतिक योजनामा अन्तरप्रादेशिक र प्रदेशभित्रको राष्ट्रिय वनको सीमा निर्धारण गर्दा प्रशासनिक विभाजन, भौगोलिक र पारिस्थितिकीय अवस्थिति तथा अन्य आधारको परिधिभित्र रही प्रदेशभित्रको राष्ट्रिय वन र अन्तरप्रादेशिक वनको क्षेत्रफलसहितको नक्सा तयार पारिएको छ।

यो एकीकृत रणनीतिक योजनाको प्रमुख लक्ष्य राष्ट्रिय वनको दिगो व्यवस्थापनबाट वन पैदावारको उत्पादनमा वृद्धि रोजगारी सृजना, स्थानीय तथा राष्ट्रिय आयमा योगदान पुऱ्याउने रहेको छ। यस रणनीतिक योजनामा वन संरक्षण र व्यवस्थापनका लागि चारवटा विषयगत क्षेत्र (वन तथा जैविक विविधता संरक्षण, दिगो वन व्यवस्थापन, राष्ट्रिय वनको विकास र वन उद्यम तथा पर्यापर्यटन प्रवर्द्धन) अन्तर्गत ४४ वटा रणनीतिहरू र पाँचवटा अन्तरविषयगत क्षेत्र (लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, जलवायु उत्थानशीलता र प्राकृतिक प्रकोप नियन्त्रण, वातावरणीय सेवा तथा कार्बन सञ्चिति अभिवृद्धि, वनक्षेत्रको प्रशासनिक एवं सांगठनिक सुधार, सुशासन र वन अनुसन्धान, प्रविधि तथा सूचना प्रणालीको विकास) अन्तर्गत ४५ वटा रणनीतिहरू रहेका छन्। यस रणनीतिक योजनाका अपेक्षित उपलब्धिहरू र कार्यान्वयनका लागि आवश्यक लगानी र सम्भाव्य लगानीका स्रोतहरूको विश्लेषण गरिएको छ।

# विषय सूची


खण्ड १: वन व्यवस्थापनको पृष्ठभूमि ........................................................ १

१.१ परिचय ........................................................ १

१.२ नेपालको संविधान र वन व्यवस्थापन ........................................................ ३

१.३ नीतिगत र कानुनी पक्ष ........................................................ ४

१.४ चुनौती र अवसरहरू ........................................................ ५

१.५ राष्ट्रिय वनको एकीकृत रणनीतिक योजनाको आवश्यकता ........................ ६

खण्ड २: राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना तर्जुमा प्रक्रिया ........................ ७

खण्ड ३: राष्ट्रिय वनको एकीकृत रणनीतिक योजनाको दूरदृष्टि ........................ ८

३.१ दूरदृष्टि ........................................................ ८

३.२ लक्ष्य ........................................................ ८

३.३ उद्देश्यहरू ........................................................ ८

३.४ रणनीतिक योजनाका मार्गदर्शक सिद्धान्तहरू ........................................ ८

खण्ड ४: राष्ट्रिय वन व्यवस्थापन पद्धति ........................................................ ९

खण्ड ५: प्रदेशभित्रको राष्ट्रिय वन र अन्तरप्रादेशिक वन ........................................ १२

५.१ प्रदेशभित्रको राष्ट्रिय वन र अन्तरप्रादेशिक वनको क्षेत्रफल ................ १२

५.२ अन्तरप्रादेशिक वनको व्यवस्थापन ........................................ १३

खण्ड ६: रणनीतिक योजनाका क्षेत्रहरू ........................................................ १४

६.१ विषयगत क्षेत्र (Thematic Area) ........................................ १४

क्षेत्र १: वन तथा जैविक विविधता संरक्षण ........................................ १४

क्षेत्र २: दिगो वन व्यवस्थापन ........................................................ २५

क्षेत्र ३: सार्वजनिक तथा निजी वनको विकास ........................................ ३५

क्षेत्र ४: वन उद्यम तथा पर्यापर्यटन प्रवर्द्धन ........................................ ३८

६.२ अन्तरविषयगत क्षेत्र (Cross Cutting Area) ........................................ ४१

अन्तरविषयगत क्षेत्र १: लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ........ ४१

अन्तरविषयगत क्षेत्र २: जलवायु उत्थानशीलता र प्राकृतिक प्रकोप नियन्त्रण ... ४२
अन्तरविषयगत क्षेत्र ३: वातावरणीय सेवा तथा कार्बन सञ्चिति अभिवृद्धि ........ ४२
अन्तरविषयगत क्षेत्र ४: वनक्षेत्रको प्रशासनिक एवं
सांगठनिक सुधार र सुशासन ........................................................ ४३
अन्तरविषयगत क्षेत्र ५: वन अनुसन्धान, प्रविधि तथा
सूचना प्रणालीको विकास................................................................ ४३
खण्ड ७: तहगत अधिकार, जिम्मेवारी तथा समन्वय........................................ ४५
क. संघ ........................................................................................ ४५
ख. प्रदेश ...................................................................................... ४५
ग. स्थानीय तह ............................................................................. ४६
घ. समुदाय .................................................................................... ४७
खण्ड ८: रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक
लगानी र संभाव्य लगानीका स्रोत........................................................ ४८
खण्ड ९: अपेक्षित उपलब्धिहरू ........................................................... ५०
खण्ड १०: रणनीतिक योजना कार्यान्वयनका जोखिम....................................... ५१
खण्ड ११: अनुगमन तथा राष्ट्रिय प्रतिवेदन .................................................. ५२

अनुसूची १: अन्तरप्रादेशिक र प्रदेश भित्रको राष्ट्रिय वनको सीमाङ्कन नक्सा............... ५३
अनुसूची २: शब्दावली................................................................................ ६०

# खण्ड १: वन व्यवस्थापनको पृष्ठभूमि

## १.१ परिचय

नेपालको कुल भू-भागको ४५ प्रतिशतभन्दा बढी क्षेत्रफलमा फैलिएको वनक्षेत्र महत्त्वपूर्ण प्राकृतिक सम्पदा हो। यसले कृषि, ऊर्जा, स्वच्छ पानी, पर्यापर्यटन तथा अन्य उद्योगको दिगो विकासमा प्रत्यक्ष योगदान पुऱ्याएको छ। यसका साथै वनक्षेत्रले पर्यावरणीय सुरक्षा, सांस्कृतिक, सामाजिक र आर्थिक समुन्नतिमा समेत योगदान पुऱ्याएको छ। वनक्षेत्रको दिगो व्यवस्थापनबाट हरित अर्थतन्त्र निर्माण रोजगारीको अवसरहरूको सृजना, पर्यापर्यटनमा टेवा, कार्बन सञ्चिति, जैविक विविधता र जलाधार जस्ता पारिस्थितिकीय सेवाहरू अभिवृद्धि गरी समृद्धि प्राप्तिको राष्ट्रिय लक्ष्यमा वनक्षेत्रको समग्र योगदान बढाउनुपर्ने आवश्यकता रहेको छ।

नेपालको वन व्यवस्थापनको इतिहास देशको राजनीतिक एवं शासकीय स्वरूपसँगै विकास हुँदै आएको छ। नेपालको एकीकरणदेखि विक्रम संवत् २००७ को प्रजातान्त्रिक आन्दोलनपछिका केही वर्षसम्म नेपाल सरकारले वनबाट काठ कटान गरी भारत रेल्वे कम्पनीलाई बिक्री गर्ने र वन फँडानी गरेर कृषि भूमि विस्तार गरी भूमिकर र खाद्यान्न उत्पादन वृद्धि गर्ने नीति लिएको देखिन्छ। खासगरी भारतसँगको सिमानामा रहेका तराईका उत्पादनशील वनबाट काठ बिक्री गरी राजस्व सङ्कलन गर्न वनजाँच अड्डा र काठमहल अड्डाहरू स्थापना गरिएका थिए। त्यसै सिलसिलामा तराईका केही वनक्षेत्रमा वन कार्ययोजना बनाउने, वन सिमाना लगाउने, लहरा काट्ने, पत्ल्याउनेजस्ता कार्यहरूसमेत भएका थिए। यसरी राज्य सञ्चालनका लागि आर्थिक स्रोत वृद्धि गर्ने र वनक्षेत्र अन्य प्रयोजनमा उपयोग गर्ने व्यवस्था भएका कारण सोही अवधिमा नेपालमा तीव्र रूपमा वन फँडानी प्रारम्भ भएको पाइन्छ। यस अवधिमा वन जंगललाई आदिवासी जनजातिहरूले किपट, गुठीजस्ता सामूहिक सम्पत्तिको रूपमा एकातिर उपयोग गर्दै आए भने अर्कोतर्फ तत्कालीन शासकहरूले सम्भ्रान्त परिवारहरूलाई बिर्ता वा जागिरका रूपमा वन जंगल दर्ता गरी दिने काम भएको पाईन्छ ।

वि.सं. २००७ सालको राजनीतिक परिवर्तनपश्चात् २००८ सालमा वनक्षेत्रको संरक्षण र व्यवस्थापनका लागि वन विभागको स्थापना भयो। वि.सं. २०१२ सालमा मन्त्रालयमा चिफ कञ्जरभेटर तथा कञ्जरभेटरसहित वन संगठनका विभिन्न तहमा दरबन्दी खडा गरियो। वि.सं.

२०१३ सालमा कानुन बनाएर निजी स्वामित्वमा रहेका वन जंगललाई राष्ट्रियकरण गरियो। सन् १९५९ मा अमेरिकी सहायता प्राप्त गरी केही स्थानमा वनपथ, अग्नि संरक्षण रेखा, वन सिमाना, कार्यालय तथा स्टाफ क्वाटर निर्माण जस्ता कार्यहरू सञ्चालन भए। त्यसैगरी तराईको वन व्यवस्थापन गर्न सन् १९६६ मा भारतीय सहयोगमा विराटनगर, वीरगञ्ज र कञ्चनपुर वन डिभिजनहरूको वन कार्ययोजना बनाउने कार्यको थालनी भयो।

पंचायती व्यवस्थाका शुरुवाती समयमा वन संरक्षण र व्यवस्थापनमा केन्द्रित पहिलो वन ऐन, २०१८ लागू भयो। यसैबीच एक सदस्यीय वन संरक्षण विशेष अदालतको गठनसहितको वन संरक्षण विशेष व्यवस्था ऐन, २०२४ समेत कार्यान्यवन भयो। वि.सं. २०३३ सालमा राष्ट्रिय वन योजना स्वीकृत भयो। योजनाको भावना अनुसार वन ऐन, २०१८ लाई संशोधन गरी सहभागितामूलक वन व्यवस्थापन, कबुलियती वन र निजी वन विकासका प्रावधानले प्रवेश पाए। यसरी जनसहभागितामा आधारित वन व्यवस्थापन प्रणालीमा उपभोक्ताका दैनिक वन पैदावार आपूर्तिका आयामहरूलाई सम्बोधन गर्ने प्रयास भयो।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ जारी गरेर वन्यजन्तु र पारिस्थितिकीय महत्त्वका स्थानहरूको संरक्षण गर्ने प्रयास गरियो। यद्यपि यी कानुनी प्रयास भए तापनि नीति दस्तावेजका रूपमा पहिलो पटक २०३३ सालमा राष्ट्रिय वन योजना जारी गरियो। यस योजनाले वनको संरक्षण र व्यवस्थापनमा जनसहभागिता जुटाउने नीति अवलम्बन गर्‍यो ।

तत्पश्चात् वि.सं. २०४६ सालमा वनक्षेत्रको पच्चीस वर्षीय वन विकास गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइयो। यस गुरुयोजनाले छवटा प्रमुख कार्यक्रमहरू निर्धारण गरेको थियो: सामुदायिक तथा निजी वन राष्ट्रिय तथा कबुलियती वन, काठमा आधारित उद्योग, भू-संरक्षण तथा जलाधार व्यवस्थापन, जडीबुटी तथा सुगन्धित वनस्पति तथा अन्य गैरकाष्ठ वन उत्पादनहरूको विकास र पारिस्थितिकीय प्रणाली तथा आनुवंशिक स्रोतको संरक्षण ।

उक्त गुरुयोजनालाई वनक्षेत्रको संरक्षण तथा व्यवस्थापनका लागि ऐतिहासिक कोसेढुंगा मानिन्छ। गुरुयोजनाको कार्यान्वयनका लागि वन ऐन, २०४९ जारी गरियो। साथै संस्थागत सुधारसमेत गर्न वनक्षेत्रको पुर्नसंरचनासमेत गरियो भने त्यसपछि २०५७ सालमा परिमार्जित वन नीति जारी गरियो, जसले विशेष गरी तराईका ठूला वनक्षेत्रहरूको व्यवस्थापन र वनमा आधारित उद्योगका मुद्दाहरूलाई सम्बोधन गर्‍यो ।

गुरुयोजनाको सफलताले वन, जलाधार र संरक्षित क्षेत्र व्यवस्थापनमा जनसहभागिताको वातावरण निर्माण गऱ्यो, जसले देशव्यापी रूपमा हजारौं उपभोक्ता समूहहरूको गठन र सक्रियता सुनिश्चित गऱ्यो। वन विकास गुरुयोजनाले वि.सं. २०६८ सम्म यस क्षेत्रको मूल नीतिको रूपमा वन व्यवस्थापनका विविध पक्षहरूमा निर्देशन गर्दै आएको थियो। वन विकास गुरुयोजनाको २१ वर्षे अवधिको समाप्तिपश्चात् २०७१ सालमा दिगो वन व्यवस्थापन, वातावरणीय सेवाहरूको न्यायोचित वितरण, जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन, समुदायद्वारा व्यवस्थित वन, हरित रोजगारीको सृजना, जलवायु परिवर्तन र सुशासनजस्ता सात प्रमुख नीतिगत क्षेत्र र तिनका रणनीति र कार्यनीति पहिचान गरेर राष्ट्रिय वन नीति, २०७१ जारी गरियो। नेपालको संविधानले परिकल्पना गरेअनुसार वनक्षेत्रका अधिकारसमेत तीन तहमा विभाजन भइसकेको अवस्थालाई मध्यनजर गर्दै समग्र वनक्षेत्रका कानुन, योजना र कार्यक्रममा मार्गदर्शन प्रदान गरी व्यवस्थित वन्कषेत्र र सन्तुलित पर्यावर मार्फत् नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धिमा योगदान पुऱ्याउने दूरदृष्टिका साथ राष्ट्रिय वन नीति, २०७५ जारी गरियो। यस नीतिको उद्देश्य र लक्ष्य प्राप्तिका लागि नेपाल सरकारले वनक्षेत्रको रणनीति सन् २०१६-२०२५, वन ऐन, २०७६ र वन नियमावली, २०७९ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। वन ऐनको दफा ११ मा नेपाल सरकारले वनको व्यवस्थापनका लागि राष्ट्रिय वन र अन्तरप्रादेशिक वनको एकीकृत वा प्रदेशगत रणनीतिक योजना बनाउनेछ भन्ने उल्लेख भएअनुसार राष्ट्रिय वन नीति, २०७५ र वन ऐन, २०७६ को कार्यान्वयनका लागि नेपाल सरकारले यो रणनीतिक योजना बनाएको छ ।

## १.२ नेपालको संविधान र वन व्यवस्थापन

नेपालको संविधानको मौलिक हक र राज्यका सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत राज्यका विभिन्न तहका सरकारले एक अर्काबीचको समन्वय, सहअस्तित्व र सहकार्यमा स्वस्थ र स्वच्छ वातावरण कायम राख्ने र राष्ट्रिय हित अनुकुल प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र अन्तरपुस्ताबीच समताका आधारमा उपयोग हुने गरी दिगो वन व्यवस्थापन गर्न निर्देशित गरेको छ।

संविधानमा वनक्षेत्रको संरक्षण, विकास र व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहको भूमिका उल्लेख गरिएको छ। संविधानको अनुसूची-५ मा संघको अधिकारको सूचीअन्तर्गत बुँदा नं. २७ मा राष्ट्रिय वन नीति र कार्बन सेवा समावेश छन्। प्रदेशभित्रको राष्ट्रिय वन तथा वातावरण व्यवस्थापन प्रदेशको अधिकार सूचीअन्तर्गत अनुसूची-६ तथा अन्तरप्रादेशिक रूपमा

फैलिएको जंगल र वन संरक्षण क्षेत्र संघ र प्रदेशको साझा अधिकारको रूपमा अनुसूची-७ मा उल्लिखित छन्। स्थानीय वातावरण व्यवस्थापन, जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापन र वन्यजन्तु संरक्षण स्थानीय तहको अधिकार सूचीअन्तर्गत अनुसूची-८ मा समावेश छन्। साथै, अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची उल्लेख गरिएको छ। यसरी संविधानमा उल्लिखित भूमिकाअनुरूप सबै तहका सरकारले कानुन बनाई वातावरणको स्वच्छता कायम गर्दै वनको व्यवस्थापन गर्न सक्दछन्।

## १.३ नीतिगत र कानुनी पक्ष

नेपालको संविधान अनुसार राष्ट्रिय वनको नीति संघको अधिकार भित्रपर्दछ भने वनको व्यवस्थापन प्रदेशको अधिकारभित्र पर्दछ। त्यसैगरी वनको संरक्षण गर्ने कार्य तिनै तहको साझा अधिकारभित्र पर्दछ। नेपालको संविधानले निर्देशित गरेको नीति, सिद्धान्त र सबै तहका सरकारको भूमिका बमोजिमका दायित्व निर्वाह गर्न नेपाल सरकारले वनको दिगो व्यवस्थापनका लागि राष्ट्रिय वन नीति, २०७५ जारी गरेको छ। राष्ट्रिय वन नीति वनक्षेत्रको मूल नीतिको रूपमा रहेको छ र वनक्षेत्रसँग सम्बन्धित सबै तहका नीति रणनीति तथा कानुन यसै नीतिअनुरूप तर्जुमा भएका छन्। सातवटै प्रदेशहरूले आ-आफ्नो प्रदेशको वन ऐन निर्माण गरिसकेका छन् भने केही प्रदेशहरूले प्रदेश वन नियमावलीसमेत निर्माण गरिसकेका छन्। संघीय वन नियमावली, २०७९ को दोश्रो संशोधनसमेत नेपाल राजपत्रमा प्रकाशनपश्चात वाँकी प्रदेशहरूले पनि प्रदेश वन नियमावली निर्माण गर्ने र आवश्यक कार्यविधिहरूको निर्माणमा तीव्रता ल्याएका छन्।

राष्ट्रिय वन नीति, २०७५ ले राष्ट्रिय वनको व्यवस्थापनका सम्बन्धमा देहायका मुख्य उद्देश्यहरू लिएको छ।

१. वनक्षेत्रको उत्पादकत्व, उत्पादन र वातावरणीय सेवामा अभिवृद्धि गर्ने।
२. वन पैदावारमा आत्मनिर्भर भई मूल्य अभिवृद्धिसहित निर्यात प्रवर्द्धन गर्ने।
३. वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण, पुनर्स्थापना र दिगो उपयोग गर्ने।
४. वनक्षेत्रको संरक्षण र सोको बहुआयामिक उपयोग गर्ने।
५. फलफूललगायतका कृषि वनको विकास र संरक्षण गरी वनक्षेत्रलाई आर्थिक उपार्जनको माध्यमको रूपमा विकास गर्ने।
६. हालको वनक्षेत्रलाई घट्न नदिई विभिन्न प्रकारबाट क्षति भएका वनको पुनर्स्थापना गर्ने।

७. कार्बन उत्सर्जन न्यूनीकरण गर्ने र नेपालको समग्र लक्ष्यमा वनक्षेत्रबाट योगदान पुऱ्याउने।

नेपाल सरकारले राष्ट्रिय वन नीति, २०७५ को कार्यान्वयनका लागि वन ऐन, २०७६ लागू गरेको छ। वन ऐन, २०७६ को दफा ३ अनुसार राष्ट्रिय वनको भू-स्वामित्व नेपाल सरकारमा निहित रहनेछ भने वन व्यवस्थापनका पद्धति यिनै नीति तथा कानुन बमोजिम निर्देशित हुनेछन्। सबै प्रकारका वनको व्यवस्थापन गर्दा दिगो वन व्यवस्थापन (Sustainable Forest Management) का सिद्धान्तका आधारमा गरिनेछ।

## १.४ चुनौती र अवसरहरू

नेपालमा वन व्यवस्थापनले वातावरणीय सेवा, जीविकोपार्जन र रोजगारी अभिवृद्धि गरी आर्थिक समृद्धिमा महत्त्वपूर्ण योगदान गरेको छ । नेपालले वन व्यवस्थापनमा विभिन्न समयमा विभिन्न चुनौतीहरूको सामना गर्नुपरिरहेको छ। अतिक्रमण, चोरी कटानी, वन डढेलो नियन्त्रण, मिचाहा वनस्पतिको प्रकोपजस्ता वन संरक्षणमा रहेका कठिनाइहरू विगतदेखि नै रहेकामा हाल केही नयाँ चुनौतीहरूसमेत थपिएका छन्। पूर्वाधार विकास निर्माणका लागि वनक्षेत्रको अत्यधिक प्रयोग प्रमुख चुनौतीको रूपमा देखिएको छ। हाल वन व्यवस्थापनमा देहाय बमोजिमका चुनौतीहरू देखिएका छन्।

- विकासका लागि वनक्षेत्रको जग्गाको अत्याधिक माग तथा विकास र वातावरण बिचको सन्तुलन,
- वनक्षेत्रको संरक्षण (अतिक्रमण, चोरी कटानी नियन्त्रण),
- जलवायु परिवर्तनका कारणले वन डढेलो र बाढीको बढ्दो प्रकोप, मिचाहा वनस्पतिको वृद्धि,
- वन संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन र उत्पादनको बजार व्यवस्थापन,
- वन पैदावारको उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन गर्ने,
- मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन।

नेपालको प्राकृतिक स्रोतहरूमध्ये वनक्षेत्र प्रत्यक्ष जनताको जीविकोपार्जनसँग जोडिएको महत्त्वपूर्ण विषय रहेको हुनाले यसको दिगो व्यवस्थापन मार्फत देहाय वमोजिमका उपलब्धिहरू हासिल गर्न सकिने अवसर रहेको छ।

- वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन,

- सामुदायिक वन लगायतका समुदायमा आधारित समूहहरूमार्फत वनको व्यवस्थापन, वनमा आधारित उद्योग र पर्यापर्यटन प्रवर्द्धन,
- कार्बन उत्सर्जन न्यूनीकरणबाट कार्बन व्यापारमार्फत अन्तर्राष्ट्रिय सहायता र भुक्तानी प्राप्ति,
- बहुमूल्य जडीबुटीहरूको ब्रान्डिङ्ग, प्रशोधन तथा मूल्य अभिवृद्धि गरी उत्पादनहरूको व्यवसायीकरण तथा निर्यात,
- प्रदेश र स्थानीय तहको समन्वय तथा सहभागितामा क्षतिग्रस्त खाली जमिन, हैसियत बिग्रेका वनक्षेत्र, बाँझो कृषि जमिनमा बृहत् वृक्षारोपण र कृषि वनको विकास तथा विस्तार,
- वनक्षेत्रलाई उद्योग, जलस्रोत तथा कृषि क्षेत्रको प्रमुख आधारको रूपमा विकास,
- प्रकृतिमा आधारित पर्यटन मार्फत स्थानीय जीविकोपार्जन तथा राष्ट्रिय अर्थतन्त्रमा योगदान,
- दिगो विकासका लक्ष्यहरूमा योगदान ।

## १.५ राष्ट्रिय वनको एकीकृत रणनीतिक योजनाको आवश्यकता

नेपालको संघीय संरचनामा संघ, प्रदेश र स्थानीय तहका सीमाङ्कनका क्रममा दुई वा बढी प्रदेशमा फैलिएका अन्तरप्रादेशिक वन, दुई वा दुईभन्दा बढी डिभिजन वन कार्यालयको कार्यक्षेत्रमा फैलिएका प्रदेशभित्रको राष्ट्रिय वन, व्यवस्थापकीय सिमानाका आधारमा खण्डित वा विभाजित भएका छन्। यस किसिमको अवस्थामा दिगो वन व्यवस्थापन तथा जैविक विविधता संरक्षण गर्न विद्यमान नीतिगत तथा कानुनी व्यवस्थाले रणनीतिक योजनाको परिकल्पना गरेको छ। वन ऐन, २०७६ मा व्यवस्था भए बमोजिम वन संरक्षण तथा दिगो व्यवस्थापनमा संघीय र प्रदेश सरकारको जिम्मेवारीमा सामञ्जस्यता तथा एकरूपता ल्याउन प्रदेश सरकारसँगको समन्वय र परामर्शमा राष्ट्रिय वनको पहिचान, सीमांकन र दिगो व्यवस्थापनका लागि एकीकृत रणनीतिक योजना तयार गर्नु आवश्यक छ।

एकीकृत रणनीतिक योजनाले प्रदेश सरकारलाई राष्ट्रिय वनको दिगो व्यवस्थापन गर्न एवं अन्तरप्रदेश समन्वय र सहकार्यमा वन व्यवस्थापनमा देखिएका चुनौती सामना गर्न र वन पैदावारको उत्पादन र उत्पादकत्व बढाउन दिशानिर्देश गर्नेछ। यसले स्वच्छ वातावरण प्रवर्द्धन, वन पैदावारमा आत्मनिर्भरता, निर्यात प्रवर्द्धन र हरित अर्थतन्त्र विकासमा टेवा पुऱ्याउनेछ।

# खण्ड २ः राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना तर्जुमा प्रक्रिया

यो राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना तयार गर्दा निम्न अनुसारका विधि तथा प्रक्रियाहरू अवलम्बन गरिएका छन् :

- राष्ट्रिय वन व्यवस्थापनसम्बन्धी अभिलेख, ऐन, नियम, नीति तथा रणनीति एवं कार्ययोजनाहरूको समीक्षा गरिएको,
- राष्ट्रिय वन व्यवस्थापनका सरोकारवालाहरूको पहिचान तथा संलग्नताको विश्लेषण गरिएको,
- रणनीतिक योजनामा समावेश गर्नुपर्ने विषयवस्तु समेटिएको प्रश्नावलीको माध्यमबाट सातवटै प्रदेशका वनक्षेत्र हेर्ने मन्त्रालय, वन निर्देशनालय र ७७ वटै जिल्लामा रहेका डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल आदिवासी जनजाति महासंघ आदिबाट सुझाव सङ्कलन तथा विश्लेषण गरी रणनीतिक योजनाको मस्यौदा तयार गरिएको,
- स्वतन्त्र विषय विज्ञहरूबाट पुनरावलोकन गराई प्राप्त सुझावहरूका आधारमा रणनीतिक योजना पुनरावलोकन गरि परिमार्जन गरिएको,
- एकीकृत रणनीतिक योजनाको परिष्कृत मस्यौदा सबै प्रदेशमा प्रस्तुत गरी थप सुझाव प्राप्त गरिएको र प्रदेशबाट प्राप्त सुझावलाई समेत समावेश गरी रणनीतिक योजनाको अन्तिम मस्यौदा तयार पारिएको।

# खण्ड ३ः राष्ट्रिय वनको एकीकृत रणनीतिक योजनाको दूरदृष्टि

## ३.१ दूरदृष्टि

वातावरणीय सन्तुलन कायम गरी राष्ट्रिय समृद्धिमा योगदान पुऱ्याउने ।

## ३.२ लक्ष्य

राष्ट्रिय वनको दिगो व्यवस्थापनबाट वन पैदावार र वातावरणीय सेवाको उत्पादनमा बृद्धि रोजगारी सिर्जना, स्थानीय तथा राष्ट्रिय आयमा योगदान पुऱ्याउने।

## ३.३ उद्देश्यहरू

- वन तथा जैविक विविधताको संरक्षण गर्ने,
- वन व्यवस्थापनमार्फत वनक्षेत्रको उत्पादन र उत्पादकत्त्व वृद्धि गरी वन पैदावारको आपूर्ति रोजगारी सिर्जना र स्थानीय तथा राष्ट्रिय आयमा योगदान गर्ने,
- पर्यापर्यटन र वन पैदावारमा आधारित उद्यम विकासमा टेवा पुऱ्याउने,
- वातावरणीय सन्तुलन कायम गर्ने एवम् कार्बन सञ्चिति अभिवृद्धि गरी जलवायु उत्थानशील क्षमता विकास गर्ने,
- वनक्षेत्रमा लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण एवं सुशासन कायम गर्दै सेवा प्रवाहलाई प्रभावकारी तुल्याउने,
- वनक्षेत्रमा अध्ययन, अनुसन्धान, प्रविधि विकास, लगानी वृद्धि र मानव संसाधन विकास गर्ने ।

## ३.४ रणनीतिक योजनाका मार्गदर्शक सिद्धान्तहरू

- वनको उत्पादन तथा उत्पादकतत्त्वमा वृद्धि
- वन संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन
- समुदायमा आधारित सहभागितामूलक वन व्यवस्थापन
- वन उद्यम विकास एवं निजी क्षेत्रको संलग्नता
- जलवायु उत्थानशील वन व्यवस्थापन
- वातावरणीय सेवाको अभिवृद्धि
- भू-परिधिस्तरमा एकीकृत वन व्यवस्थान
- वनक्षेत्रको बहुआयामिक उपयोग र उत्पादनको विविधिकरण
- लैङ्गिक समानता, अपांगतामैत्री तथा सामाजिक समावेशीकरण

# खण्ड ४: राष्ट्रिय वन व्यवस्थापन पद्धति

राष्ट्रिय वनलाई सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, धार्मिक वन, प्रदेशभित्रको राष्ट्रिय वन वा अन्तरप्रादेशिक बनका रूपमा व्यवस्थापन गर्न सकिनेछ। राष्ट्रिय वनभित्रका सबै किसिमका वन व्यवस्थापन गर्दा वन व्यवस्थापन कार्ययोजना तयार पारी तोकिएको निकायबाट स्वीकृत गरी कार्यान्वयन गरिनेछ। प्रदेशले यसै राष्ट्रिय वनको एकीकृत रणनीतिक योजनालाई नै आफ्नो प्रदेशको हकमा समेत यथावत् लागू हुने गरी मार्गदर्शक योजनाका रूपमा ग्रहण गरी सोही बमोजिम जिल्ला वा डिभिजनगत योजनाहरू तर्जुमा गरी वन व्यवस्थापनका कार्यहरू अगाडि बढाउन सक्नेछ। सबै वनहरू व्यवस्थापन योजनाद्वारा व्यवस्थित हुनेछन्। कुनै पनि वनक्षेत्र व्यवस्थापन योजना भन्दा बाहिर हुने छैन। यी व्यवस्थापन पद्धतिहरूको व्यवस्थापकीय क्षेत्र तालिकाः १ मा उल्लेख भए अनुसार हुनेछ।

**तालिकाः१ व्यवस्थापन पद्धतिहरूको व्यवस्थापकीय क्षेत्र**

| क्र.सं. | व्यवस्थापन पद्धति | व्यवस्थापकीय क्षेत्र |
|---|---|---|
| १. | सरकारद्वारा व्यवस्थित वन | १. सरकारीस्तरबाट काठ, दाउरा र अन्य वन पैदावार आपूर्तिको लागि व्यवस्थापन गरिने वन<br>२. उत्पादनशील बनलाई छुट्टै चाक्ला (Block) को रूपमा छुट्टाइ वन संवर्द्धन प्रणालीमा आधारित कार्ययोजना बनाइ व्यवस्थापन गरिने वन<br>३. तलका अन्य कुनै पनि व्यवस्थापन पद्धतिमा नभएको वन |
| २. | सामुदायिक वन | १. उपभोक्ताले परम्परादेखि भोगचलन गर्दै आएको वन<br>२. उपभोक्ता समूहको वन व्यवस्थापन गर्ने चाहना, क्षमता, पहुँच र समुदायले संरक्षणमा योगदान पुऱ्याउन सक्ने वन<br>३. स्थानीय समुदायले रूख बिरुवा लगाई संरक्षण गरेको वन<br>४. वन ऐन तथा नियमावलीले सामुदायिक वन भनी निर्देशित गरेको वन |

| क्र.सं. | व्यवस्थापन पद्धति | व्यवस्थापकीय क्षेत्र |
|---|---|---|
| ३. | साझेदारी वन | १. चक्लाको रूपमा रहेको उत्पादनशील वन<br>२. वनबाट टाढा रहेका परम्परागत उपभोक्ताहरूले समेत संरक्षण व्यवस्थापन तथा उपयोग गर्ने वन<br>३. स्थानीय तह, समुदाय र डिभिजन वन कार्यालयसँगको साझे-दारीमा व्यवस्थापन हुने वन |
| ४. | व्यावसायिक कबुलियती वन | १. तोकिएको छत्र घनत्व भएको वन<br>२. निश्चित अवधि तोकी आर्थिक उपार्जनका लागि देहाय बमोजि-मको कार्य गर्न निजी तथा सँगठित संस्थालाई उपलब्ध गराइने वन<br>• वन पैदावारमा आधारित उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न<br>• वृक्षारोपण गरी वन पैदावारको उत्पादनमा वृद्धि गरी बिक्री वितरण गर्न वा उपयोग गर्न<br>• वनको संरक्षण र विकास हुने गरी कृषि वन बाली वा पशु फार्म सञ्चालन गर्न<br>• वनको संरक्षण र विकास हुने र वनक्षेत्रको प्राकृतिक संरचनामा कुनै नकारात्मक असर नपर्ने गरी विभिन्न पर्यापर्यटन (र्याफ्टिङ, बन्जी जम्पिंग, जंगलवाक, साइकल ट्रेइल, जंगल सफारी, क्यम्पिङ आदि) सञ्चालन गर्न |
| ५. | गरिबीको रेखामुनिको समुदायका लागि कबुलियती वन | १. तोकिएको छत्र घनत्व भएको वन<br>२. आयआर्जनका लागि गरिबीको रेखामुनि रहेका समुदायलाई प्रदान गरिने वन |
| ६. | धार्मिक वन | १. परापूर्वकालदेखि धार्मिकस्थल र त्यसको वरिपरिको वनको संरक्षणका लागि उपलब्ध गराइने वन |

| क्र.सं. | व्यवस्थापन पद्धति | व्यवस्थापकीय क्षेत्र |
|---|---|---|
| ७. | वन संरक्षण क्षेत्र | १. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिकोणले महत्त्वपूर्ण वन<br>२. वातावरणीय, परिस्थितिकीय, वैज्ञानिक वा सांस्कृतिक महत्त्व बोकेको वन<br>३. जलाधार संरक्षणका हिसाबले संवेदनशील देखिएको वन<br>४. संरक्षित क्षेत्रबाहिर दुर्लभ, लोपोन्मुख तथा संरक्षित वन्यजन्तुको संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक रहेको वन<br>५. दुर्लभ तथा लोपोन्मुख वनस्पतिको वासस्थान रहेको वन<br>६. संवेदनशील जैविक मार्ग (Biological Corridor and Bottle Neck) |

# खण्ड ५ः प्रदेशभित्रको राष्ट्रिय वन र अन्तरप्रादेशिक वन

वन ऐन, २०७६ तथा वन नियमावली, २०७९ मा अन्तरप्रादेशिक वनको सीमा निर्धारण गर्दा प्रदेशभित्रको राष्ट्रिय वन र अन्तरप्रादेशिक वनको सीमा निर्धारण गरी नक्सासहितको विवरण नेपाल राजपत्रमा प्रकाशन गर्ने प्रावधान रहेको छ। यस रणनीतिक योजनाको प्रयोजनका लागि अन्तरप्रादेशिक वनको सीमा निर्धारण गर्दा निम्न सूचकहरूको आधार लिइएको छ।

१. दुई वा दुईभन्दा बढी प्रदेशमा फैलिएको राष्ट्रिय वन,
२. भौगोलिक र प्राकृतिक रूपले जोडिएका दुई वा दुईभन्दा बढी प्रदेशमा फैलिएको वनक्षेत्र,
३. वन संरक्षण क्षेत्रले समेटेको दुई वा दुईभन्दा बढी प्रदेशमा फैलिएको वन,
४. अन्तरप्रादेशिक सिमानामा पाँच कि.मि. को बफर बनाई सो बफर भित्र पर्ने वनक्षेत्र,
५. पाँच कि.मि. को बफरको सीमाभित्र वनक्षेत्रलाई विभाजन गर्ने प्राकृतिक सिमाना जस्तै नदी, खोला, खोल्सी, चुचुरो आदि भएमा सो प्राकृतिक सिमानासम्मको वनक्षेत्र,
६. वनक्षेत्रको फैलावटमा निरन्तरता रहेको र सो वनक्षेत्र परिस्थितिकीय हिसाबले महत्त्वपूर्ण रहेमा बफरको सीमानजिकको प्राकृतिक सिमाना जस्तै नदी, खोला, खोल्सी, चुचुरो आदि सम्म घटाउन वा बढाउन सकिने वन ।

## ५.१ प्रदेशभित्रको राष्ट्रिय वन र अन्तरप्रादेशिक वनको क्षेत्रफलः


भौगोलिक सूचना प्रणाली (GIS) को प्रयोग गरी तयार गरिएको सीमा निर्धारणको आधारमा विभिन्न प्रदेशमा देहाय बमोजिम प्रदेशभित्रको राष्ट्रिय वन र अन्तरप्रादेशिक वन रहेको छ ।

**तालिकाः २ प्रदेशभित्रको राष्ट्रिय वन र अन्तरप्रादेशिक वनको क्षेत्रफल**

| प्रदेश | क्षेत्रफल | कुल राष्ट्रिय वन | अन्तर प्रादेशिक वन | |
|---|---|---|---|---|
| | | क्षेत्रफल (हे.) | क्षेत्रफल (हे.) | प्रतिशत (%) |
| कोशी | २५९०५०० | १३२३७७८ | ६२०९५ | ४.७ |
| मधेश | ९६६१०० | २५३,१९३ | ६१०५५ | २४.१ |
| बागमती | २०३०००० | १२४३५१० | २९२५५१ | २३.५ |
| गण्डकी | २१५०४०० | ९२५४०० | १४३२०५ | १५.५ |
| लुम्बिनी | २२२८८०० | ११०१५६४ | १४५८४७ | १३.२ |
| कर्णाली | २७९८४०० | ९४१,८८५ | २२३२८३ | २३.७ |
| सुदूरपश्चिम | १९५३९०० | १०७५००७ | २४०५८ | २.२ |
| जम्मा | | ६८६४३३७ | ९५२०९४ | १३.९ |

(वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको NLCMS, 2022 द्वारा तयार पारिएको नक्सा प्रयोग गरी सीमाङ्कन गरिएको)

नोटः सीमा निर्धारणको नक्सा अनुसूची १ मा राखिएको छ।




| S.N. | Name of Province | Total Forest Area (Ha.) | Inter Province National Area (Ha) | Inter Province National Area (%) |
|---|---|---|---|---|
| 1 | Koshi | 1323778 | 62095 | 4.7 |
| 2 | Madhesh | 253,193 | 61055 | 24.1 |
| 3 | Bagmati | 1243510 | 292551 | 23.5 |
| 4 | Gandaki | 925400 | 143205 | 15.5 |
| 5 | Lumbini | 1101564 | 145847 | 13.2 |
| 6 | Karnali | 941,885 | 223283 | 23.7 |
| 7 | Sudurpaschim | 1075007 | 24058 | 2.2 |
| 8 | Total | 6864337 | 952094 | 13.9 |

## ५.२ अन्तरप्रादेशिक वनको व्यवस्थापन

यस रणनीतिक योजनाको अधीनमा रही प्रदेश सरकारअन्तर्गत रहेको डिभिजन वन कार्यालयले प्रदेशभित्रको राष्ट्रिय वन र आफ्नो प्रदेशको सिमानाभित्र पर्ने अन्तरप्रादेशिक वनको संरक्षण, विकास, सदुपयोग र व्यवस्थापन गर्न सक्नेछन्।

# खण्ड ६: रणनीतिक योजनाका क्षेत्रहरू

राष्ट्रिय वन नीति, २०७५ ले लिएका नीतिहरूलाई आधार मानी यो रणनीतिक योजनाको उद्देश्य प्राप्तिकोलागि अपनाईने रणनीतिहरूलाई चारवटा विषयगत क्षेत्र (Thematic Area) र पाँचवटा अन्तरविषयगत क्षेत्र (Cross Cutting Area) का रूपमा छुट्याइएको छ।

## ६.१ विषयगत क्षेत्र (Thematic Area)

| |
|---|
| १. वन तथा जैविक विविधता संरक्षण |
| २. दिगो वन व्यवस्थापन |
| ३. सार्वजनिक तथा निजी वनको विकास |
| ४. वन उद्यम तथा पर्यापर्यटन प्रवर्द्धन |

**क्षेत्र १: वन तथा जैविक विविधता संरक्षण**

वन तथा जैविक विविधता संरक्षण विषयगत क्षेत्रअन्तर्गत निम्न अनुसारका आठवटा उपक्षेत्रहरू रहेका छन् ।

| |
|---|
| क. पारिस्थितिकीय प्रणाली, जैविक विविधता र वन्यजन्तु संरक्षण |
| ख. वन अतिक्रमण नियन्त्रण |
| ग. वन डढेलो व्यवस्थापन |
| घ. मिचाहा प्रजाति तथा रोग कीरा नियन्त्रण |
| ङ. वन्यजन्तु चोरी शिकार र वन पैदावारको अवैध संकलन ओसारपसार नियन्त्रण |
| च. मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन |
| छ. चरिचरण व्यवस्थापन |
| ज. वनभित्रका धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका सम्पदाहरूको संरक्षण |

उल्लिखित उपक्षेत्रलाई लक्षित गरी निम्नानुसारका रणनीतिहरू तर्जुमा गरिएका छन् ।

**क. पारिस्थितिकीय प्रणाली, जैविक विविधता र वन्यजन्तु संरक्षण**

**१. भू-परिधिस्तरीय संरक्षणलाई प्रोत्साहन गर्ने।**

- संकटापन्न, दुर्लभ र महत्त्वपूर्ण प्रजातिको संरक्षणका लागि वासस्थानको व्यवस्थापन, संवर्द्धन र सुधार गर्ने,

- वन्यजन्तु प्रजातिहरूको विचरणका लागि सम्भावित जैविक मार्ग पहिचान गरी नक्सांकन गर्ने,
- विद्यमान जैविक मार्गहरूको मूल्यांकन र प्रमुख प्रजातिहरूको बसाइँसराइको ढाँचा पहिचान गर्ने,
- जैविक मार्ग र वरपरका पारिस्थितिकीय प्रणालीको स्वास्थ्य र जैविक विविधताको विश्लेषण र अभिलेखीकरण गर्ने,
- जैविक विविधताको संरक्षणलाई निरन्तरता र वन्यजन्तुको आवतजावत र विचरणलाई सहयोग गर्न जैविक मार्गहरू, सम्पर्क मार्गहरूको पहिचान र व्यवस्थापन गर्ने,
- टुक्रिएर रहेका तथा छिरलिएका वनहरू खोला, नदी तथा जैविक मार्ग संरक्षण तथा व्यवस्थापन गरी आपसमा जोडेर वन्यजन्तु ओहोरदोहोर गर्ने वातावरण बनाउने,
- महत्त्वपूर्ण वन्यजन्तु तथा वनस्पति प्रजातिको संरक्षण स्थिति, महत्त्वपूर्ण वनक्षेत्रको वन्यजन्तु carrying capacity को आंकलन गरी भू-परिधिस्तरमा संरक्षण कार्ययोजनासहित कार्यान्वयन गर्ने।
- महत्त्वपूर्ण जैविक मार्ग र संवेदनशील वासस्थान पहिचान गरी वन संरक्षण क्षेत्रको रूपमा घोषणा गरी व्यवस्थापन गर्ने,
- वनको जैविक महत्त्व सुदृढ गराउन संस्थागत संरचनाको व्यवस्था गर्ने र यस कार्यमा स्थानीय समुदायलाई पनि उत्तरदायी बनाउने,
- भू-परिधिस्तरमा उपभोक्ता समूहको संस्थागत र आर्थिक सहभागितामा कार्ययोजनासहित मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन, चोरी शिकार नियन्त्रण र महत्त्वपूर्ण प्रजाति संरक्षण गर्ने,
- जैविक विविधतासम्बन्धी विभिन्न फोरममा नेपालको प्रतिनिधित्व र सहभागिता गर्ने।

**२. वनभित्रका सिमसार क्षेत्र, पानीका मुहान, खोला किनार संरक्षण तथा व्यवस्थापन गरी पारिस्थितिकीय प्रणालीलाई सन्तुलित राख्ने ।**

- रामसारमा सूचीकृतलगायतका महत्त्वपूर्ण सिमसारहरूको सर्वेक्षण र अवस्था विश्लेषणका आधारमा व्यवस्थापन कार्ययोजना तयार गरी व्यवस्थापन गर्ने,
- महत्त्वपूर्ण वासस्थान रहेका सिमसार क्षेत्रहरूलाई वर्गीकरण गरी Protected Zone र Fringe Zone मा विभाजन गरी व्यवस्थापन गर्ने,
- सिमसार क्षेत्रमा विभिन्न तरिकाबाट हुने अतिक्रमण, थिग्रीकरण तथा मिचाहा प्रजाति नियन्त्रण गर्न उपयुक्त कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने,

- सिमसार क्षेत्रको परिस्थितिक, भौगोलिक, धार्मिक, सांस्कृतिक र मौलिकतामा असर नपर्ने गरी पर्यापर्यटन प्रवर्द्धन गर्ने,
- सिमसार क्षेत्रहरूको संरक्षण र दिगो व्यवस्थापनका लागि सरोकारवालाहरूबीचमा समन्वय, सहकार्य साझेदारी पद्धति विकास गर्ने,
- सिमसारको महत्त्व र दिगो संरक्षणको आवश्यकतालाई समुदायस्तरमा प्रत्याभूत गराउन जनचेतनाको कार्यक्रम सञ्चालन गर्ने,
- वातावरणीय सेवाहरूको पहिचान गरी त्यस्ता सेवा प्रवाह गर्न र आर्थिक लाभ अभिवृद्धि गर्न नतिजामा आधारित बजार प्रयोजन (Result Based Market Practices जस्तैः Payment for Environmental Services (PES), Bio-Financing, Compensation Payments) आदिलाई प्रोत्साहन गर्ने,
- जलाधार र सिमसार क्षेत्रलाई क्षेत्रीय र स्थानीय भू-उपयोग योजनामा एकीकृत गरी व्यवस्थापन गर्ने।

**ख. वन अतिक्रमण नियन्त्रण**

**१. राष्ट्रिय वनक्षेत्रको अतिक्रमण हुन नदिने।**

- निजी जग्गा र राष्ट्रिय वनबीचको सिमाना स्थलगतरूपमा देखिने गरी सीमाङ्कन गरी सिमाना सुरक्षाको प्रबन्ध मिलाउने,
- डिभिजन वन कार्यालयले अतिक्रमणसम्बन्धी तथ्याङ्क राखी समय समयमा अद्यावधिक गर्ने,
- तथ्य र तथ्याङ्कमा आधारित रही अतिक्रमणको जोखिममा रहेका क्षेत्रहरूको पहिचान गरी नक्साङ्कन गर्ने,
- वनक्षेत्रको सिमाना यकिन गर्न आवश्यकता अनुसार नापीको आधिकारिक नक्सा, एरियल फोटोग्राफ, सेटलाइट इमेज तथा डिजिटल डाटाको समेत प्रयोग गर्ने,
- वनक्षेत्रको सुरक्षाको लागि सशस्त्र वन रक्षक, समुदाय र वन कर्मचारी संलग्न quick response team परिचालन गर्ने,
- अतिक्रमणका लागि जोखिमयुक्त देखिएको वनक्षेत्रमा अस्थायी सुरक्षा पोस्टको व्यवस्था गर्ने,
- अतिक्रमण नियन्त्रणमा सशस्त्र वन रक्षकको भूमिका बढाउने,

- वनक्षेत्रलाई सघन व्यवस्थापनमा ल्याई आयआर्जन तथा रोजगारीका अवसर सिर्जना गरी अतिक्रमणलाई निरुत्साहित गर्ने,
- वन अतिक्रमणका कारक तत्त्वहरू (drivers of forest encroachment) पहिचान गर्न र प्रभावकारी रोकथामका उपायहरू बुझ्न अध्ययन तथा अनुसन्धान गर्ने।

२. **वन अतिक्रमण हटाई वनक्षेत्र कायम गर्ने।**

- अतिक्रमण हटाउन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ लाई आवश्यक परिमार्जन गरी कार्यान्वयनमा ल्याउने,
- विगतमा भएका अतिक्रमित वनक्षेत्रलाई कार्ययोजना बनाई खाली गराउने र संरक्षणको व्यवस्था गर्ने,
- समुदायमा आधारित वन व्यवस्थापन कार्ययोजनाहरूमा अतिक्रमण नियन्त्रणसम्बन्धी व्यवस्था अनिवार्य रूपमा समावेश गरी भएको अतिक्रमण हटाउने र थप अतिक्रमण हुन नदिने व्यवस्था गर्ने,
- वन अतिक्रमण हटाई वनक्षेत्र कायम गर्न आवश्यक पर्ने स्रोत साधनलाई तीन तहका सरकारले प्राथमिकता दिई उपलब्ध गराउने,
- वनक्षेत्रको नियमित सुरक्षा गस्ती गर्ने।

३. **अतिक्रमण नियन्त्रणका लागि अन्तरतह र अन्तरनिकाय साझेदारी र समन्वयलाई बढवा दिने ।**

- अन्तरतह समन्वय एवं अधिकारको समन्वयात्मक उपयोग गर्ने,
- अन्तरनिकाय (स्थानीय प्रशासन, सुरक्षा निकाय तथा अन्य सरकारी निकाय) समन्वय गर्ने,
- अतिक्रमण नियन्त्रण संयन्त्रहरू गठन गरी प्रभावकारी रूपमा परिचालन गर्ने,
- सरकारी निकाय, समुदाय, स्थानीय निकाय र वातावरणीय संस्थाहरू संलग्न रहेको बहुसरोकारवाला मंच (multistakeholder's forum) उपयोग गरी नियन्त्रणको व्यवस्था मिलाउने,
- वनको महत्त्व र अतिक्रमणको असरबारे समुदायलाई जानकारी दिन सचेतना र पैरवी अभियान सञ्चालन गर्ने,
- उपभोक्ता समूहमा अतिक्रमण नियन्त्रण स्वयंसेवी उपसमूह गठन गरी परिचालन गर्ने।

**ग. वन डढेलो व्यवस्थापन**

**१. वन र वातावरण क्षेत्रसँग सम्बन्धित नीति तथा कानुनहरूमा डढेलो व्यवस्थापनसम्बन्धी विषयलाई समावेश गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने।**

- संघीय तथा प्रादेशिक डढेलो व्यवस्थापन रणनीति तर्जुमा गरी कार्यान्वयन गर्ने,
- सबै खाले वन व्यवस्थापन योजना/कार्ययोजनाहरूमा डढेलो व्यवस्थापनसम्बन्धी प्रावधान समावेश गरी कार्यान्वयन गर्ने,
- डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रको डढेलो जोखिम क्षेत्र पहिचान गरी वन व्यवस्थापन कार्ययोजनामा समावेश गर्ने,
- डिभिजन वन कार्यालयले वार्षिक डढेलो नियन्त्रण कार्ययोजना बनाई कार्यान्वयन गर्ने,
- वनजन्य ज्वलनशील पदार्थ (Fuel Load) का आधारमा वन डढेलो जोखिमको मोडलिङ (Modeling) गर्ने ।

**२. वनको slash materials हरूको उचित व्यवस्थापन गरी वनक्षेत्रको fuel load घटाई वन डढेलोको जोखिमलाई कम गर्ने।**

- वनक्षेत्रलाई नियमित व्यवस्थापन गरी Slash Materials/Undergrowth को व्यवस्थापन गर्ने र वनमा Fuel Load घटाउने,
- डढेलोको जोखिम कम गर्न नियन्त्रित डढेलो (Control Burning) विधि अवलम्बन गर्ने,
- अग्निरेखाहरूको संजाल बढाउने र अग्निरेखाहरूको समय-समयमा सरसफाई गर्ने,
- पातपतिङ्गर तथा जंगलभित्र सालवसाली आउने अवाञ्छित झाडी-बुट्यान फाँडेर वनक्षेत्रबाट बाहिर हटाउने व्यवस्था गर्ने,
- वनमा भएका पातपतिङ्गर तथा Unwanted Undergrowth, छुटपुट दाउरा (लप्स र टप्स) जस्ता बायोमासको सङ्कलन गर्ने व्यवस्था गरी डढेलो सिजनभन्दा पहिल्यै हटाउने र त्यस्तो बायोमासको उपयोग गर्न पेलेट, ब्रिकेट उत्पादन वा अन्य उपयुक्त प्रविधिको उपयोग गरी व्यावसायिक प्रयोजनमा लगाउने।

**३. वन डढेलो लागेमा तत्काल नियन्त्रणका लागि विशेष टोली परिचालन गर्ने।**

- जिल्लास्तरमा वन डढेलो नियन्त्रणका लागि वन कर्मचारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना सम्मिलित डढेलो नियन्त्रण विशेष टोलीको (Special Forest Fire Fighting Team) गठन र परिचालन गर्ने,

- वन डढेलो नियन्त्रणका लागि सम्बन्धित कार्यालयहरूलाई साधनस्रोत र प्रविधिमैत्री बनाई सब-डिभिजनस्तरमा समुदाय, स्थानीय तह, उपभोक्ता समूह र वन कर्मचारी संलग्न Quick Response Team तयार पार्ने,
- वन डढेलो नियन्त्रणका लागि वनक्षेत्रभित्र संरक्षण पोखरीहरू निर्माण गरी पानीको व्यवस्था गर्ने,
- पानी बोक्ने ट्यांकर, वाटर ब्याग, हँसिया, बञ्चरो, कोदालो, दाँते, साबेल, गैंची, आगो निभाउने स्वाटरलगायतका औजारहरू तथा व्यक्तिगत सुरक्षा सामग्रीहरूको व्यवस्था गर्ने।

**४. सहकार्य र समन्वयमा आधारित सहभागितामूलक वन डढेलो व्यवस्थापन गर्ने।**

- जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय र सहकार्य गर्ने,
- समुदायमा आधारित वन व्यवस्थापन कार्ययोजनाहरूमा डढेलो व्यवस्थापन योजनासमेत समावेश गरी कार्यान्वयन गर्ने,
- उपभोक्ता समूहमा वन डढेलो व्यवस्थापन स्वयंसेवी उपसमूह गठन गर्ने,
- डढेलो व्यवस्थापन तथा पुनर्स्थापनाको कार्यमा स्थानीय, प्रादेशिक र राष्ट्रियस्तरमा समन्वय र सहकार्यको लागि संस्थागत प्रारूप तयार गर्ने,
- डढेलो प्रभावित क्षेत्रमा जनसहभागिता परिचालन गरी प्राकृतिक पुनरुत्पादन प्रवर्द्धन तथा वृक्षारोपण गरी सोको संरक्षण गर्ने,
- वन डढेलो रोकथामको बारेमा जागरूकता बढाउन समुदायहरूमा कार्यशालाहरू र प्रशिक्षण सत्रहरू सञ्चालन गर्ने,
- डढेलो रोकथाम कार्ययोजनाहरू निर्माण र कार्यान्वयनका सन्दर्भमा स्थानीय समुदायहरूलाई संलग्न गर्ने।

**५. वन डढेलो जोखिम मापन, नक्सांकन, सूचना प्रसार र व्यवस्थापनको लागि आधुनिक प्रविधि र उपायहरूको प्रयोग गर्ने।**

- Earth Observation Technology जस्तै GIS, Remote Sensing, LIDAR आदिको प्रयोग गरी वन डढेलो जोखिमयुक्त क्षेत्रको पहिचान गरी नक्सांकन गर्ने,

- स्याटेलाइट इमेजरी, ड्रोन र अन्य प्रविधिहरू प्रयोग गरेर पूर्व चेतावनी प्रणालीको स्थापना गर्ने,
- डढेलो विपद् निर्देश प्रणाली विकास गर्ने र सञ्चालनका लागि दक्ष जनशक्तिको व्यवस्था गर्ने,
- डढेलोबाट वन, जैविक विविधता, कार्बन उत्सर्जन, भू-दृश्य सौन्दर्य, सामाजिक आर्थिक पक्ष आदिमा पर्न जाने प्रभावका बारेमा अनुसन्धान गर्ने र प्रभावकारी सूचना पद्धति विकास गर्ने,
- वन तथा भू-संरक्षण विभागमा रहेको वन डढेलो नियन्त्रण तथा सूचना कक्षलाई प्रदेश तथा जिल्ला तहका कक्षसँग सम्बन्ध स्थापित गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने,
- डिभिजनस्तरमा वन डढेलो लागेको तुरुन्त थाहा पाउन वन कर्मचारी र वन उपभोक्ता समूहहरूमा संचार व्यवस्था सुदृढ बनाई राख्ने,

**घ. मिचाहा प्रजाति तथा रोग कीरा नियन्त्रण**

**१. मिचाहा प्रजातिको आगमन नियन्त्रणका लागि ठोस उपायहरू अपनाउने।**

- वाह्य मिचाहा प्रजातिको आगमन तथा फैलावट रोक्न Forest Floor मा हुने Disturbance (चरिचरन, Forest Fire आदि) लाई कम गर्दै मिचाहा प्रजातिको फैलावट नियन्त्रण गर्ने,
- हरेक भन्सार नाकामा दक्ष प्राविधिकका साथ सुविधा सम्पन्न Quarantine को व्यवस्था गर्ने,
- भन्सार नाकामा वन, वातावरण वा वनस्पतिसम्बन्धी प्राविधिकको दरबन्दी सुनिश्चित गर्ने,
- व्यावसायिक रूपमा स्थापना गरिएको वनमा बाहेक अन्य प्राकृतिक वनमा वाह्य प्रजातिको वृक्षारोपण निरुत्साहित गर्ने।

**२. मिचाहा प्रजाति तथा रोग कीरा नियन्त्रण गर्ने।**

- रूख कटान गरेको क्षेत्र वा बाँझो खाली जग्गामा गुणस्तरयुक्त र सम्भव भएसम्म स्थानीय प्रजाति र त्यसमा पनि रोग कीरा प्रतिरोधी प्रजातिको वृक्षारोपण गरी संरक्षण, संवर्द्धन कार्यहरू गरी वनको छत्र घनत्व बढाउने,
- वृक्षारोपण गर्दा सकभर मिश्रित प्रजातिको विरुवा रोपण गर्ने,
- Integrated Pest Management लाई प्रोत्साहन गर्ने,

- वनको सघन व्यवस्थापन गरी मिचाहा प्रजातिको फैलावट नियन्त्रण गर्ने,
- मिचाहा प्रजातिका झाडी/बिरुवा काट्ने, उखेल्ने, गोड्ने र यसरी प्राप्त पैदावार बायो-ब्रिकेट (Bio-Briquette) तथा अन्य जैविक ऊर्जा तयारीमा प्रयोग गर्ने,
- मिचाहा प्रजातिको समस्या भएका सामुदायिक वनमा बायोब्रिकेट, बायोचार वा कम्पोष्ट मल प्लान्टको कार्यक्रमलाई प्रोत्साहन गर्ने।

**३. मिचाहा प्रजातिको नियन्त्रणसम्बन्धी अध्ययन अनुसन्धानमा जोड दिने।**

- अनुसन्धानको लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, विश्वविद्यालय तथा अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूसँग समन्वय गर्ने,
- अनुसन्धानका लागि संघीय तथा प्रदेशस्तरबाट आवश्यक स्रोत साधनको व्यवस्था मिलाउने ।

**ङ. वन्यजन्तु चोरी शिकार र वन पैदावारको अवैध सङ्कलन र ओसारपसार नियन्त्रण**

**१. वनक्षेत्रसँग सम्बन्धित ऐन, नियम, निर्देशिका तथा मार्गदर्शनहरूको समयसापेक्ष परिमार्जन र प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने ।**

- वन पैदावार तथा वन्यजन्तुको चोरी निकासी तथा गैरकानुनी व्यापार नियन्त्रणसँग सम्बन्धित नीति तथा कानुनहरूको समयसापेक्ष परिमार्जन गर्ने,
- वन पैदावारको गैरकानुनी व्यापार नियन्त्रणको लागि सांगठनिक सुधार गर्ने,
- डिभिजन वन कार्यालयहरूले आवधिक वन व्यवस्थापन योजनामा चोरी शिकार तथा गैरकानुनी व्यापार नियन्त्रण योजना समावेश गरी कार्यान्वयन गर्ने,
- डिभिजन वन कार्यालयहरूले चोरी शिकार नियन्त्रणको विशेष योजना तयार गरी कार्यान्वयन गर्ने,
- डिभिजन र सब-डिभिजन वन कार्यालयहरूको मौजुदा भौतिक पूर्वाधारमा सुधार गरी जनशक्ति र साधनसम्पन्न बनाउने,
- सशस्त्र वन रक्षकलाई परिचालन गरी नियमित गस्तीको व्यवस्था गर्ने,
- हरेक प्रदेशमा सशस्त्र वन रक्षक ब्यारेक स्थापना गरी डिभिजनस्तरमा ब्यारेकद्वारा निर्देशित हुने गरी संवेदनशील वनक्षेत्रमा सुरक्षा पोस्टहरूको व्यवस्था गर्ने,
- चोरी शिकार हुन सक्ने संभावित वनक्षेत्र र नाकाहरूको पहिचान गरी वन कार्यालयहरूमा समेत त्यसको अभिलेख राख्ने,

- वन पैदावारको चोरी निकासी तथा गैरकानुनी व्यापारमा संलग्न हुनेलाई कानुनी दायरामा ल्याउने,
- स्थानीय संघसंस्था, उपभोक्ता समूह, स्थानीय तह राजनीतिक दल समेतको समन्वयबाट सूचना सङ्कलन, प्रचारप्रसार र अनुगमनलाई प्रभावकारी बनाउने,

२. **वनक्षेत्रलाई सघन व्यवस्थापनमा ल्याई आयआर्जन तथा रोजगारीका अवसर सिर्जना गरी चोरी शिकार, गैरकानुनी कटान निरुत्साहित गर्ने।**

- वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनमार्फत उत्पादन तथा उत्पादकत्व बढाई कच्चा पदार्थको उपलब्धता र आपूर्तिको व्यवस्था गरी वन पैदावारमा आधारित उद्योग/उद्यम स्थापना गर्न सहयोग गर्ने,
- बढ्दो मागलाई मध्यनजर गर्दै काठदाउराको बिक्री र लिलाम प्रक्रियालाई सहज बनाउँदै सरल काठ आपूर्तिको व्यवस्था गर्ने,
- स्थानीय समुदायको काठ, दाउरा तथा कृषि औजारलगायत दैनिक आवश्यकताका वन पैदावारको आपूर्तिलाई सरल, सुलभ र सहज बनाउने,
- पर्यापर्यटन, घरेलु वन उद्यम तथा अन्य वैकल्पिक रोजगारीको अवसर सिर्जना गर्दै जीविकोपार्जनको सरल तथा सहज व्यवस्था गरी अवैध कटान न्यूनीकरण गर्ने,
- वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनबाट उत्पादित वन पैदावार प्रमाणीकरण गरी प्रमाणित पैदावारको प्रयोगमा जोड दिने,
- वन्यजन्तु पालन गर्ने कार्यलाई थप सरल बनाई व्यावसायिक वन्यजन्तुपालन कार्यलाई प्रोत्साहन दिने ।

३. **चोरी शिकार तथा गैरकानुनी कटान नियन्त्रण गर्न समुदायमा आधारित दरिलो संयन्त्र निर्माण तथा परिचालन गर्ने।**

- समुदायमा आधारित वन व्यवस्थापन समूह तथा उपभोक्तालाई वनक्षेत्रबाट हुने चोरी शिकार तथा गैरकानुनी व्यापार नियन्त्रण गर्न समुदायमा आधारित चोरी शिकार नियन्त्रण लगायतका कार्यक्रममार्फत् जिम्मेवार बनाउने,
- समूहले आफ्नो व्यवस्थापन गरेको वन र वनक्षेत्रको हानि-नोक्सानी नहुने व्यवस्था गर्न चोरी शिकार तथा गैरकानुनी व्यापार नियन्त्रण योजना आ-आफ्नो कार्ययोजनामा समावेश गरी कार्यान्वयन गर्ने,

- समुदायमा आधारित चोरी शिकार नियन्त्रण, सुराकी परिचालन, आकस्मिक अपरेसनका लागि यातायात तथा संचारको व्यवस्था, सुरक्षा निकायसँगको समन्वय तथा साझेदारी अभिवृद्धि गर्ने,
- वन कार्यालयहरूबाट स्थानीय सरोकारवालाहरू समेतको सहयोगमा नियमित गस्ती र अनुगमन गर्ने,
- स्थानीयस्तरमा वन पैदावारको चोरी निकासी तथा चोरी शिकार नियन्त्रणसम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

**च. मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन**

**१. मानव र वन्यजन्तुबीचको द्वन्द्वलाई प्रभावकारी व्यवस्थापन गरी सहअस्तित्व कायम गर्ने**

- मानव-वन्यजन्तु द्वन्द्व जोखिमयुक्त तथा संवेदनशील क्षेत्रको पहिचान तथा नक्साङ्कन गर्ने,
- सरोकारवालाहरूको सहभागितामा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि वर्तमान संरचनाको सुदृढीकरण गरी सचेतना एवं क्षमता विकास गर्ने,
- वन्यजन्तुको दिगो संरक्षण, संवर्धन र सदुपयोग गरी आयआर्जनका अवसरहरूको रूपमा वन्यजन्तु पालन, प्रजनन् तथा अनुसन्धानका लागि प्रोत्साहन गर्ने,
- वन्यजन्तुको वासस्थान व्यवस्थापन गर्ने, वनभित्र पानी पिउने व्यवस्था (Waterhole Management), घाँसे मैदान व्यवस्थापन, प्रजाति संरक्षण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने,
- वन्यजन्तु प्रभावित क्षेत्रमा वैकल्पिक जीविकोपार्जन प्रोत्साहन गर्न सामुदायिक सहकारी (Community Cooperatives) को कार्यक्रम सञ्चालन गर्ने,
- मानव-वन्यजन्तु द्वन्द्वको बदलिँदो परिवेशलाई मध्यनजर गर्दै राहत निर्देशिकालाई समयसापेक्ष परिमार्जन गर्ने,
- द्रुत राहत कोष (Quick Relief Fund) खडा गरी राहत वितरण प्रक्रियालाई सहज र सरलीकरण गर्ने,
- वन्यजन्तुबाट हुने विभिन्न खालका क्षतिको मूल्यांकन गरी सहजरूपमा राहत वितरण गर्ने, सोको लागि प्रदेश, स्थानीय तहसमेतबाट तथा उपभोक्ता समूहमा वन्यजन्तु क्षति राहत कोषको स्थापना र सञ्चालन गर्ने,

- मानव-वन्यजन्तु द्वन्द्व घटनाको अभिलेखीकरण गर्न Centralized Database System निर्माण गर्ने,
- अति संवेदनशील स्थानहरूमा विद्युतीय तारबार, सोलार फेन्स, ट्रेन्च, पानीपोखरीजस्ता प्रविधिको प्रयोग, वैकल्पिक खेतीबाली लगाउने, सुरक्षित गोठलगायतका कार्यक्रमहरू सञ्चालन गर्ने,
- घाइते, टुहुरा तथा समस्यामा भएका वन्यजन्तुका लागि उद्धार केन्द्र तथा पुनर्स्थापना केन्द्रको स्थापना र समस्याग्रस्त वनयजन्तुको पहिचान गरी व्यवस्थापन गर्ने,
- Carrying Capacity र Population को आधारमा संरक्षित, Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITES) अनुसूची र International Union for Conservation of Nature (IUCN) को संकटापन्न सूचीमा परेका बाहेकका समस्याग्रस्त वन्यजन्तुलाई शिकार गर्ने व्यवस्था गर्ने।

छ. चरिचरण व्यवस्थापन

**१. वन व्यवस्थापन कार्ययोजनामा चरन व्यवस्थापन योजनासमेत समावेश गरी एकीकृत व्यवस्थापन प्रणाली कार्यान्वयन गर्ने।**

- हिमाली क्षेत्रमा परम्परागत रूपमा चलिरहेको गोठ तथा घुमन्ते चरिचरणलाई वन कार्ययोजनामा समावेश गरी व्यवस्थित गर्ने।
- खर्क एवं पाटनक्षेत्र व्यवस्थापनमा सरकार, समुदाय र सरोकारवाला निकायहरूको साझेदारी विकास गर्ने,
- सहभागितामूलक चरिचरण क्षेत्र व्यवस्थापनलाई प्रोत्साहन गर्न समुदायमा आधारित चरिचरण व्यवस्थापन समितिहरू गठन गर्ने,
- तराई तथा मध्य पहाडी क्षेत्रका वन कार्ययोजनामा घुम्ती चरिचरण (Rotational Grazing) तथा मिश्रित पशुपालन प्रणालीको व्यवस्था समावेश गरी व्यवस्थित गर्ने,

**२. वनक्षेत्रभित्र छाडिएका छाडा पशुहरूको व्यवस्थापनका लागि स्थानीय तह तथा अन्य निकायसँग सहकार्य गर्ने।**

- Vulture Restaurant स्थापना गरी गिद्ध संरक्षणका साथै छाडा पशुहरूको शव व्यवस्थापन गर्ने,

- घरपालुवा जनावरलाई वनमा छोड्दा पर्ने वातावरणीय प्रभावबारे स्थानीय समुदायलाई जानकारी दिन सचेतना अभियान सञ्चालन गर्ने,
- स्थानीय समुदायहरूलाई उचित पशु हेरचाह र जिम्मेवार स्वामित्वमा समर्थन र मार्गदर्शन प्रदान गर्न स्थानीय तहलाई जिम्मेवार बनाउने,

**ज. वनभित्रका धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका सम्पदाहरूको संरक्षण**

**१. वनभित्रका धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका सम्पदाहरूको संरक्षण गर्ने**

- सबै पद्धतिको वन कार्ययोजनामा वनभित्रका धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका सम्पदाहरूको संरक्षणको विषय समावेश गर्ने,
- वनक्षेत्रभित्र ऐतिहासिक र सांस्कृतिक सम्पदाहरूको पूर्ण सूची निर्माण गरी प्रत्येक सम्पदाको ऐतिहासिक महत्त्व, वास्तुकला विवरण र सांस्कृतिक मूल्यहरूको अभिलेखीकरण गर्ने,
- धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका सम्पदाहरू भएको वरपरको वनक्षेत्रमा परम्परागत व्यवस्थापन (Traditional Knowledge Based Management) लाई प्रोत्साहन गर्ने,
- प्राकृतिक, धार्मिक तथा सामाजिक सम्पदाहरूको महत्त्वको बारेमा सचेतना अभिवृद्धि गर्ने र वनक्षेत्रमा न्यून असर पर्ने गरी पर्यापर्यटकीय पूर्वाधारको विकास गर्ने,
- धार्मिक, सांस्कृतिक तथा प्राकृतिक कारणले महत्त्वपूर्ण क्षेत्रलाई विशेष क्षेत्रको रूपमा व्यवस्थापन गर्ने।

**क्षेत्र २: दिगो वन व्यवस्थापन**

दिगो वन व्यवस्थापन विषयगत क्षेत्रअन्तर्गत निम्न अनुसारका तिनवटा उपक्षेत्रहरू रहेका छन् ।

क. वन संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन

ख. वन पैदावार उत्पादन, माग र आपूर्ति

ग. जडीबुटी तथा गैरकाष्ठ वन पैदावार व्यवस्थापन

उल्लिखित उपक्षेत्रलाई लक्षित गरी निम्नानुसारका रणनीतिहरू तर्जुमा गरिएका छन् ।

### क. वन संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन

**१. वनको प्रकार, अवस्था र भिरालोपना अनुसार वन संवर्द्धन प्रणाली (Silviculture System) को अवलम्बन गर्ने।**

- सामान्यतया नदी खोला किनारबाट ३० मिटरसम्मको क्षेत्र, पानीका मुहान, ताल तथा पहिरो वरिपरिको क्षेत्र, संरक्षित वन्यजन्तुको वासस्थान, चुरे क्षेत्र तथा जैविक मार्गलाई कार्ययोजनाभित्र संरक्षण क्षेत्रको रूपमा व्यवस्थित गरी उक्त क्षेत्रबाट ढलेका, मरेका र सुकेका रूखमात्र कटान गर्ने।
- बढी भिरालो जमिनमा धेरै वर्षका बूढा तथा ठूलो भार भएका रूखहरूको बाहुल्यता हुँदा एकीकृत भार (Cumulative Weight) धेरै हुन गई भू-क्षय हुने जोखिम भएकाले त्यस्ता स्थानमा प्राविधिक मूल्यांकनका आधारमा भारजन्य रूखहरू हटाई झाडी बुट्यानको तह (Vegetative Cover) मात्र कायम राख्ने।
- वनको प्रकार, अवस्था र भिरालोपना अनुसार तालिका ३ बमोजिमको वन संवर्द्धन प्रणाली (Silviculture System) को अवलम्बन गर्ने।

**तालिका ३: वन संवर्द्धन प्रणाली**

| भौगोलिक क्षेत्र | भिरालोपन (डिग्री) | वन प्रकार | वन संवर्द्धन प्रणाली (Silviculture System) | कैफियत |
| --- | --- | --- | --- | --- |
| तराई तथा समथर क्षेत्र | | वृक्षारोपण (Plantation) | Clear Felling, Coppice (Simple), Coppice with Standard, Shelterwood (Regular and Irregular), Group Selection | अवस्था र आवश्यकता विश्लेषण गरी वन प्राविधिकले प्रणाली/ उपप्रणाली निर्धारण गरी कार्ययोजनामा समावेश गरी लागू गर्ने |
| | | प्राकृतिक वन (Natural Forest) | Shelterwood (Regular and Irregular), Coppice with Standard, Group Selection, Selection | |
| चुरे, भित्री मधेश, मधेश | <८.५ | सबै | Regular shelterwood, Group shelterwood, Irregular shelterwood, selection, Coppice with Standards, Coppice with Reserve | राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिद्वारा कार्यान्वयनमा ल्याइएको गुरूयोजनामा उल्लिखित प्रणाली लागू गर्ने<br><br>धैरे वर्षका बूढा तथा ठूलो भार भएका तथा जोखिमयुक्त रूखहरू Selection द्वारा हटाउने |
| | ८.५-१९ | सबै | Irregular shelterwood, selection, Coppice with Standards, Coppice with Reserve, Group Selection | |
| | १९-३१ | सबै | Selection, Coppice with Reserve | |
| | >३१ | सबै | Protection | |

| | | | | |
|---|---|---|---|---|
| मध्य पहाड | <३१ | सल्ला | Regular shelterwood, Group shelterwood system, Group selection | (Rotation अवधि पूरा भएको Pinus Patula वनमा Group Selection/Clear Felling अवलम्बन गर्न सकिने) |
| | | अन्य | Selection, Group Selection | |
| | >३१ | सबै | Protection | धेरै वर्षका बूढा तथा ठूलो भार भएका तथा जोखिम युक्त रूखहरू selection द्वारा हटाउन सकिने |
| हिमाल तथा उच्च हिमाल | <३१ | सबै | Selection, परम्परागत संवर्द्धन प्रणाली प्रोत्साहन गर्ने | |
| | >३१ | सबै | Protection | धेरै वर्षका बूढा तथा ठूलो भार भएका तथा जोखिमयुक्त रूखहरू Selection द्वारा हटाउन सकिने |

नोटः

१. वन व्यवस्थापनको उद्देश्य, वनको प्रकार र अवस्था, वनक्षेत्रको भिरालोपना र स्थानीय समुदायको वन पैदावारको आवश्यकता विश्लेषण गरी वन संवर्द्धन प्रणाली निर्धारण गरिनेछ।

२. सामुदायिक वनमा वन व्यवस्थापन गर्दा वन व्यवस्थापनको उद्देश्य, वनको प्रकार र अवस्था, वनक्षेत्रको भिरालोपना र स्थानीय समुदायको परम्परागत ज्ञान, प्रथाजनित अभ्यास, सामुदायिक सहभागितासहितको निर्णय र सुशासनमा आधारित रही उपयुक्त वन संवर्द्धन प्रणाली अपनाइनेछ ।

## २. समूहको सहभागितामा वनको व्यवस्थापन गर्ने

- सामुदायिक वनमा उपभोक्ता समूहको निर्णयको आधारमा सुशासनमा आधारित रही उपयुक्त वन संवर्द्धन प्रणाली अपनाउने,
- उपभोक्ता समूहलाई वन स्रोत सर्वेक्षण र वन संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनमा दक्ष बनाउने,
- स्थानीय समुदायको परम्परागत ज्ञान, सीप र प्रथाजनित अभ्यासको सम्मान र प्रयोगका साथै समुदायको सहभागिताको सुनिश्चितता गर्ने,
- महिलालगायतको समानुपातिक समावेशी सहभागिताको सुनिश्चितता गर्ने,
- उपभोक्ता समूहहरूमा संस्थागत सुशासन सुनिश्चित गर्ने,
- उपभोक्ता समूहहरूमा अभिलेख व्यवस्थापनलाई सुदृढ गर्नको लागि आवश्यक तालिम र कार्यशाला गोष्ठीको सञ्चालन गर्ने।

## ३. वनको मौज्दात सञ्चिति वार्षिक वृद्धिको आधारमा उत्पादन नियमन (Yield Regulation) तय गर्ने

- वनको स्रोत सर्वेक्षणको लागि प्राविधिक निर्देशिका तयार गरी लागू गर्ने,
- पुनरुत्पादन अभिवृद्धि तथा वन हुर्काउने (Tending/ Thinning/ Timber Stand Improvement Guideline) निर्देशिका तयार गरी लागू गर्ने,
- भौगोलिक क्षेत्रअनुसार क्षेत्रगत र प्रजातिगत स्थानीय आयतन तथा उत्पादन (Yield Table) तालिकाहरू निर्माण गर्ने,
- स्रोत सर्वेक्षण नतिजाको आधारमा वन संवर्द्धन प्रणाली यकिन भएको वन व्यवस्थापन कार्ययोजना तयार गर्ने,
- वन संवर्द्धन कार्ययोजनाको आधारमा दिगो रूपमा वन व्यवस्थापन गर्ने,
- कटान तथा सङ्कलनमा आधुनिक मेसिन तथा उपकरणहरूको प्रयोगमा जोड दिने,
- सघन वन व्यवस्थापनमार्फत काठ दाउराको उत्पादन वृद्धि गरी विदेशी काठ आयातलाई प्रतिस्थापन गर्ने ।

## ४. वन व्यवस्थापनमा संलग्न निकायहरूको सीप, दक्षता र क्षमता अभिवृद्धि गर्ने

- वन व्यवस्थापनमा संलग्न निकायहरूलाई प्रविधियुक्त र साधनसम्पन्न गराउने,

- प्रदेश वन मन्त्रालय, निर्देशनालय तथा डिभिजन वन कार्यालयका कर्मचारीहरूको वन व्यवस्थापनको क्षेत्रमा क्षमता विकास गर्ने,
- वन व्यवस्थापनका क्रियाकलापहरू (Silviculture System, Silviculture Operation, Yeild Regulation, Harvesting, Logging, Conversion, Storage, Seasoning, Transporation) जस्ता सीपमूलक कार्यमा कुशल जनशक्ति विकास गर्न प्रशिक्षण मोड्युल/पाठ्यक्रम तयार गरी लागू गर्ने,
- व्यवस्थापनमा संलग्न कर्मचारी तथा उपभोक्ता समूहलाई मोड्युल/पाठ्यक्रम अनुसार प्रशिक्षण दिई दक्ष बनाउने,
- विश्वविद्यालय तथा प्राविधिक शिक्षण संस्थामा आवश्यकता अनुसारको पाठ्यक्रम राख्ने व्यवस्था मिलाउने,
- विद्यमान श्रम कानुन र Egronomics Principle अनुसार वन श्रमिकहरूको सुरक्षा सुनिश्चित गर्ने ।

## ५. पुनरुत्पादनको संरक्षण तथा प्रवर्द्धन गर्ने

- प्राकृतिक पुनरुत्पादन (Natural Regeneration) प्रवर्द्धन गर्न वनको Crown Cover लाई Regeneration Felling, Thinning तथा अन्य वैज्ञानिक माध्यमबाट नियमन गर्ने,
- हैसियत बिग्रेको वनक्षेत्र, कम उर्वराशक्ति भएको माटो, नदी उकास क्षेत्रजस्ता संवेदनशील क्षेत्रमा पुनरुत्पादन प्रवर्द्धन गर्न कृत्रिम पुनरुत्पादनका विधिहरू अपनाउने,
- संवेदनशील क्षेत्रहरूमा पुनरुत्पादनको संरक्षणका लागि तारबार तथा हेरालुको व्यवस्थापन गर्ने।

## ६. वन व्यवस्थापनमा निजी क्षेत्रको संलग्नता बढाउने

- राष्ट्रिय वन नीति र कानुनी संरचनामा समयानुकुल आवश्यक पुनरावलोकन गरी वन व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता बढाउने,
- वनको दिगो व्यवस्थापन गरी व्यावसायिक रूपमा वन पैदावार उत्पादन गर्न, वन्यजन्तुपालन तथा पर्यापर्यटन लगायतका ऐनद्वारा निर्दिष्ट कार्य गर्न राष्ट्रिय वनको केही भाग निजी क्षेत्रलाई निश्चित अवधिको लागि व्यवस्थापन गर्न कबुलियतमा उपलब्ध गराउने,

- व्यावसायिक कबुलियती वनको दिगो व्यवस्थापन तथा गैरकाष्ठ वन पैदावार उत्पादन तथा बजारीकरणका लागि निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता विकास गरी निजी क्षेत्रमैत्री बनाउने,
- निजीलगायत सबै प्रकारका वन व्यवस्थापन कार्यको वन पैदावार कटान, लगिङ्ग (logging), ढुवानी तथा बजारीकरणको लागि अनुमति उपलब्ध गराउने विधि र प्रक्रियामा सरलीकरण गर्ने,
- काठ, गैरकाष्ठ वन पैदावार र बायोमासको प्रशोधन गरी ग्रिन हाईड्रोजन, ग्रिन एमोनिया, पेलेट, टोरिफाइड पेलेटलगायतका बायोइनर्जी स्रोत उत्पादन गर्ने,
- काष्ठकला, सुगन्धित तेल, औषधीजन्य वस्तुको उत्पादनमा निजी क्षेत्रलाई सामेल गर्ने।

## ख. वन पैदावारको उत्पादन, माग र आपूर्ति

### १. काठजन्य वन पैदावारको बिक्री वितरणमा एकद्वार प्रणाली अपनाउने

- काठजन्य वन पैदावारको बिक्री वितरणमा वन निगमको भूमिकालाई प्रभावकारी बनाउने,
    - सरकारद्वारा व्यवस्थित वनको काठ दाउराको बिक्री वितरण
    - राष्ट्रिय प्राथमिकतामा परेका योजनाहरूमा परेका रूखहरूको बिक्री वितरण
    - डिभिजनल वन अधिकृतको कार्यक्षेत्रभित्र पर्ने काठ दाउराको बिक्री वितरण
- समुदायद्वारा व्यवस्थित वनको उपभोक्ता समूहभन्दा बाहिर बिक्री वितरण हुने काठजन्य वन पैदावारको बिक्री वितरणमा वन निगमलाई प्राथमिकता दिने,
- Reduced Impact Logging (RIL) मार्गदर्शन बनाई प्राथमिकताका साथ लागू गर्ने,
- जिल्लास्तरमा जिल्ला वन पैदावार आपूर्ति समितिलाई सक्षम र सबल बनाई काठजन्य वन पैदावारको उपलब्धतालाई सहज बनाउने,
- प्राकृतिक प्रकोपका कारण ढलेका र जोखिमयुक्त रूखहरूलाई यथासक्य छिटो संकलन गर्ने।

### २. वन पैदावारको बिक्री वितरणलाई व्यवस्थित गर्ने

- वनका उत्पादन काष्ठ, काष्ठजन्य सामग्री, गैरकाष्ठ वन पैदावार, सुगन्धित तेल, औद्योगिक रेसिडयुअल (शेषांश), जडीबुटी आदिलाई सूचीकृत गरी सबै वनजन्य वस्तु तथा पदार्थको

अनिवार्य विद्युतीय अभिलेख अध्यावधिक राखी उपलब्ध गराउन आवश्यक कानुनी तथा प्राविधिक व्यवस्था गर्ने,

- वन पैदावारको बिक्री वितरणमा विद्युतीय प्रणाली (e-Tender) लागू गर्ने,
- सबै वनजन्य उत्पादनको नापमा एकरूपता ल्याउन मेट्रिक वा ब्रिटिस प्रणाली मध्ये एकलाई स्थापित गरी प्रभावकारी कार्यान्वयन गर्ने,
- वन तथा वन पैदावार मापनको मापदण्डसहितको संहिता जारी गरी गुणस्तर र एकरूपताको लागि सबै तहका कार्यस्थलमा खटिने प्राविधिकलाई मापनका सामग्री उपलब्ध गराउने,
- वनस्रोतको दिगो व्यवस्थापनलाई सघाउ पुऱ्याउन दिगो वन व्यवस्थापनलगायत काठ, दाउरा तथा गैरकाष्ठ वन पैदावार सङ्कलन तथा बिक्री वितरणका लागि आवश्यक संहिता प्रदेशले जारी गर्ने,
- वार्षिक रूपमा माग र आपूर्तिको तथ्यांक अद्यावधिक गर्ने,
- जडीबुटीको बिक्री वितरणमा सम्भव भएसम्म प्रशोधन तथा मूल्य अभिबृद्धि गरी बिक्री वितरण तथा विदेश निकासी गर्ने,
- सरोकारवालाको सहभागितामा सबै प्रकारका वन व्यवस्थापन प्रणालीमा लागू हुने गरी वन पैदावार सङ्कलन, घाटगद्दी, बिक्री वितरण र वन पैदावार ओसारपसार निर्देशिका जारी गरी कार्यान्वयन गर्ने, गराउने,
- स्थानीय समुदायको काठ, दाउरा तथा कृषि औजारलगायत दैनिक आवश्यकताका वन पैदावारको आपूर्तिलाई सरल, सुलभ र सहज बनाउने ।

### ३. खडा रूख बिक्री वितरणको व्यवस्था मिलाउने

- वनक्षेत्रको जग्गा अन्य प्रयोजनको लागि प्रयोग गर्न उपलब्ध गराउँदा (भौतिक पूर्वाधारको विकासः सडक निर्माण, नहर, बिजुलीको प्रसारण लाईन, विमानस्थल आदि) त्यस्तो वनक्षेत्रबाट खड़ा रूख नै बिक्री गर्न सकिने कानुनी व्यवस्था मिलाउने,
- वन कार्ययोजना बमोजिम हटाउने नरम प्रकृतिका रूखहरू (छोटो समयमा नै काठको गुणस्तरमा ह्रास आउन सक्ने) खड़ा रूख नै बिक्री गर्न सकिने कानुनी व्यवस्था मिलाउने,
- दुर्गम तथा पहाडी वनक्षेत्रमा हावाहुरी वा प्राकृतिक प्रकोपका कारण ठूलो संख्यामा ढलेका रूखहरू वनक्षेत्रबाटै यथा अवस्थामा नै बिक्री वितरण गर्ने कानुनी व्यवस्था मिलाउने,

## ग. जडीबुटी तथा गैरकाष्ठ वन पैदावार व्यवस्थापन

### १. महत्त्वपुर्ण जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको पहिचान गरी स्रोत आंकलन गर्ने।

- नेपालका विभिन्न क्षेत्रमा रहेका महत्त्वपूर्ण जडीबुटी तथा गैरकाष्ठ प्रजाति पहिचान गरी वनस्पति प्रजातिहरूको विस्तृत सूची सङ्कलन गर्ने,
- विभिन्न पारिस्थितिक क्षेत्रहरूमा प्रजातिहरूको वितरण (Distribution) र प्रचुरता (Abundance) को आधारमा विस्तृत नक्साहरू (NTFP Maps) तयार गर्ने,
- आर्थिक र संरक्षणको हिसाबले महत्त्वपूर्ण जडीबुटी तथा गैरकाष्ठ वन पैदावार पहिचान गरी त्यस्ता वनस्पतिको स्रोत सर्वेक्षणका निम्ति प्रजातिविशेष स्रोत सर्वेक्षण मापदण्ड तयार गर्ने,
- स्रोत सर्वेक्षणमा प्रयोग गरिएका विधिहरू परीक्षण गर्न चयन गरिएका क्षेत्रहरूमा पाइलट अध्ययनहरू सञ्चालन गर्ने,
- सर्वेक्षण प्रक्रियामा परम्परागत पारिस्थितिक ज्ञान समावेश गर्न स्थानीय समुदाय र आदिवासी समूहहरूसँग समन्वय गर्ने,
- भविष्यको अनुसन्धान र योजनामा टेवा पुर्‍याउन केन्द्रीकृत र पहुँचयोग्य डाटाबेस स्थापना गर्ने,
- वनमा पाइने काष्ठफलका रूखहरूको संरक्षण र खाली स्थानमा वृक्षारोपण गर्ने ।

### २. जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, व्यवस्थापन र खेती विस्तार गर्ने

- सबै पद्धतिको वन कार्ययोजनामा वनभित्रका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण र व्यवस्थापनको विषय समावेश गर्ने,
- सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन, वन संरक्षण क्षेत्र तथा साझेदारी वनमा उच्च मूल्यका जडीबुटी र गैरकाष्ठ वन पैदावारका लागि "जडीबुटी पकेट क्षेत्र" वा "समुदायद्वारा व्यवस्थित जडीबुटी पकेट क्षेत्रको" पहिचान गरी स्थापना गर्ने,
- भौगोलिक एवं वातावरणीय विविधताको आधारमा उपयुक्त समय र स्थानमा उपयुक्त जातका जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको व्यावसायिक खेतीलाई प्रोत्साहित गर्ने,
- सामान्यतः कृषिको लागि अनुपयुक्त ठहरिएको सीमान्त भूमि र कसैको हकभोग र स्वामित्वमा नरहेको पाखो, पर्ती जग्गा र भीर पाखाहरूमा उपयुक्तता अनुसार जडीबुटी र

गैरकाष्ठ वन पैदावारहरूको खेती गर्न गरिब, भूमिहीन र सीमान्त परिवारहरूलाई सामूहिक रूपमा प्रोत्साहित गर्ने,

- कृषियोग्य भूमिमा अन्तरबाली प्रणालीअन्तर्गत कृषिबालीको साथसाथै जडीबुटी खेती गर्ने कार्यमा कृषकहरूलाई प्रोत्साहित गर्ने,
- जडीबुटी तथा गैरकाष्ठ वन पैदावार संरक्षण तथा खेती विस्तारमा संलग्न कृषकहरूलाई आवश्यक पर्ने प्रविधि, प्राविधिक ज्ञान र सल्लाहसमेत उपलब्ध गराउने,
- उच्च मूल्यका जडीबुटी तथा वन पैदावारहरूको दिगो सङ्कलन सुनिश्चित गर्न उपयुक्त मापदण्डका प्रणालीहरू (Good Harvesting Practices) को आधारमा प्रजातिविशेष सङ्कलन मापदण्ड तयार गरी लागू गर्ने,
- दिगो व्यवस्थापन गरी सङ्कलन तथा उत्पादन गरिएका जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरूको प्रमाणीकरणको व्यवस्था मिलाउने।

## ३. जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको व्यापारीकरणलाई प्रोत्साहन गर्ने

- जडीबुटीको बिक्री वितरणमा सम्भव भएसम्म प्रशोधन तथा मूल्य अभिवृद्धि गरी बिक्री वितरण तथा विदेश निकासी गर्न सहजीकरण गर्ने,
- सरकारी स्वामित्वमा संचालित कम्पनीहरूलाई जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरूको खेती विस्तार, सङ्कलन, उत्पादन, प्रशोधन एवं बजार प्रवर्द्धनका लागि सहजीकरण गर्ने,
- जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको पहिचान, परीक्षणलगायत यिनीहरूबाट उत्पादित औषधि तथा अन्य उत्पादनको परीक्षण र गुणस्तर निर्धारणका लागि प्रयोगशालाहरूको स्तरोन्नति गर्ने,
- नेपालमा उपलब्ध जडीबुटीहरूको वैज्ञानिक एवं सुरक्षित ढंगले भण्डारण (Storage), प्रशोधन (Processing), सम्वेष्टन (Packaging) र सारतत्त्व निकाल्ने (Extraction) जस्ता कार्यहरू गरी मूल्य अभिवृद्धि गर्ने।

### क्षेत्र ३: सार्वजनिक तथा निजी वनको विकास

राष्ट्रिय वनको विकास विषयगत क्षेत्रअन्तर्गत निम्न अनुसारका दुईवटा उपक्षेत्रहरू रहेका छन्।

क. नर्सरी प्रवर्द्धन, गुणस्तरीय विरुवा उत्पादन र वृक्ष सुधार
ख. वृक्षारोपण तथा वन विकास

उल्लिखित उपक्षेत्रलाई लक्षित गरी निम्नानुसारका रणनीतिहरू तर्जुमा गरिएका छन् ।

#### क. नर्सरी प्रवर्द्धन, गुणस्तरीय विरुवा उत्पादन र बृक्ष सुधार

**१. वृक्षारोपण क्षेत्रको उपयुक्तता, स्थानीयको माग र व्यवस्थापन उद्देश्यसँग मेलखाने गरी वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने**

- जलवायु अवस्था, माटोका प्रकारहरू, परिस्थितिकीय प्रणालीको आधारमा वृक्षारोपण गर्न उपयुक्त क्षेत्रहरूको पहिचान तथा विश्लेषण गरी अभिलेखीकरण गर्ने,
- विश्लेषणको आधारमा प्रत्येक क्षेत्रको लागि उपयुक्त वनस्पति प्रजातिहरू पहिचान गर्ने,
- स्थानीय पारिस्थितिक प्रणाली र जैविक विविधतालाई ध्यान दिई रैथाने वनस्पति प्रजातिहरूलाई प्राथमिकता दिने,
- व्यावसायिक रूपमा स्थापना गरिएको वनमा बाहेक अन्य प्राकृतिक वनमा वाह्य प्रजातिको वृक्षारोपण निरुत्साहित गर्ने,
- नदी उकास क्षेत्र तथा वनक्षेत्रबाहिरका सार्वजनिक जग्गाहरूमा स्थानीय तहसँगको सहकार्यमा व्यापक वृक्षारोपण गर्ने ।

**२. वनको उत्पादन वृद्धि र गुणस्तर सुधारका लागि बृक्ष सुधार कार्यक्रमहरू संचालन गर्ने**

- राम्रो गुणस्तरको बीऊ उत्पादनको लागि वन बीऊ प्रयोगशाला तथा भण्डारण केन्द्रलाई सबै भौगोलिक क्षेत्रलाई समेट्ने गरी सातवटै प्रदेशमा विस्तार गर्ने,
- वन बीऊ प्रयोगशाला तथा भण्डारण केन्द्रको क्षमता अभिवृद्धि गर्ने,
- महत्त्वपूर्ण वृक्षारोपण प्रजातिहरूको सुविधाजनक र प्रविधि युक्त Provenance Arboretum, Breeding Seed Orchard (BSO) र Gene Bank स्थापना गर्ने,
- विगतमा तयार भएका BSO र Seed Orchard को मूल्यांकन गरी प्रजातिहरूको प्राथमिकताक्रम तयार गरी व्यवस्थापनलाई दुरुस्त राखी उपयोग गर्ने।

**३. गुणस्तरीय तथा बहुवर्षीय विरुवा उत्पादनका लागि हरेक डिभिजनस्तरमा एक उच्च प्रविधियुक्त नर्सरी सञ्चालन गर्ने**

- नर्सरी व्यवस्थापनको लागि आवश्यक जनशक्तिको व्यवस्था मिलाउने,
- हरेक डिभिजनस्तरमा कम्तिमा एक उच्च प्रविधियुक्त नर्सरी स्थापना गर्ने र विरुवा उत्पादन गर्दा सकेसम्म बहुवर्षीय विरुवा उत्पादन गर्ने,
- नर्सरी व्यवस्थापनजस्तो सीपमूलक कार्यमा कुशल जनशक्ति विकासलाई प्रोत्साहन गर्न सीटीईभीटी (CTEVT)/ मान्यता प्राप्त तालिम केन्द्रद्वारा प्रशिक्षण मोड्युल/पाठ्यक्रमहरूको निर्माण गरी स्थापना/वितरण गर्ने र सो बमोजिम तालिमको व्यवस्था गर्ने।

**ख. वृक्षारोपण तथा वन विकास**

**१. निजी वन विकासलाई प्रवर्द्धन गर्दै वनक्षेत्रमा निजी लगानीलाई प्रोत्साहन गर्ने**

- निजी जग्गामा वृक्षारोपण र निजी वनको व्यवस्थापनमा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने,
- निजी वन विकास गर्न चाहने परिवारलाई सहयोग उपलव्ध गराउने,
- निजी वन दर्तामा सहजीकरण गर्ने,
- छोटो बाली चक्र भएका उपयुक्त वा बहुमूल्य प्रजातिका गुणस्तरीय विरुवाहरू सरल रूपमा उपलब्ध गराउने,
- कृषिवनको लागि माटो अनुसारको उपयुक्त प्रजाति र प्रविधिको अनुसन्धान, विकास गरी सिफारिश गर्ने,
- उत्पादित वन पैदावारको कटान तथा ओसारपसारमा सरलता ल्याउने,
- निजी वनको राष्ट्रियस्तरको तथ्यांक अभिलेख राख्ने र अद्यावधिक गर्ने।

**२. सहरी वन विकासलाई प्रवर्द्धन गरी सहरी वातावरणलाई स्वच्छ र स्वस्थ बनाउने**

- सहरी वन विकासका लागि स्पष्ट संस्थागत जिम्मेवारीको व्यवस्था मिलाउने,
- स्थानीय तह र स्थानीय बासिन्दा (Household Level) को भूमिका स्पष्ट पार्ने,
- सहरी वन विकासमा निजी क्षेत्रलाई संलग्न गराउने,

- सरोकारवालाबीचको समन्वयका कार्यक्रम सञ्चालन गर्ने,
- सहरी वन विकासलाई Highway Engineering र City Planning को अङ्गको रूपमा विकास गर्ने,
- देशको हरेक नगरस्तरमा समन्वय गरी सहरी वन विकास कार्ययोजना कार्यान्वयनमा ल्याउने,
- प्रविधिको प्रयोग गरी जोखिमयुक्त रूखहरू पहिचान गर्ने, समय समयमा काँटछाँट गर्ने र आवश्यकतानुसार आवधिकरूपमा हटाई नयाँ वृक्षारोपण गर्ने,
- उपयुक्त प्रजातिका गुणस्तरीय विरुवाको व्यवस्था मिलाउने, अध्ययन अनुसन्धान कार्यलाई अगाडि बढाउने।

## ३. सडक तथा नहर किनारा, चौतारा, धार्मिक क्षेत्रलगायतका विभिन्न क्षेत्रहरूमा वन विकासका लागि सार्वजनिक वन प्रवर्द्धन गर्ने

- सडक तथा नहर किनारको वृक्षारोपणका लागि सम्बन्धित आयोजनाले व्यवस्था गर्ने,
- स्थानीय तहसँगको समन्वयमा स्थानीय उपभोक्ता समूह गठन गरी कार्ययोजना तयार गरी सोअनुसार वन विकास तथा व्यवस्थापन गर्ने,
- सडक, सिंचाई तथा कुलोको किनारा र सार्वजनिक पर्ती जग्गासँग जोडिएका जग्गाधनीलाई निश्चित प्रतिशत लाभांश उपलव्ध गराई उक्त जग्गामा वृक्षारोपण तथा संरक्षण र व्यवस्थापनमा संलग्न गराउने व्यवस्था गर्ने ।

## ४. नदी उकास तथा सार्वजनिक जग्गामा वनको विकास गर्ने

- स्थानीय तहको नेतृत्व र सहभागितामा नदी उकास तथा सार्वजनिक जग्गामा वनको विकास गर्ने,
- वन विकास गर्न सकिने नदी उकास तथा सार्वजनिक जग्गाको पहिचान गरी पुनर्स्थापना कार्ययोजना (Restoration Plan) तयार गरी सोअनुसार वन विकास तथा व्यवस्थापन गर्ने,
- नदी उकास तथा सार्वजनिक जग्गामा उपयुक्त प्रजातिको वृक्षारोपण गर्ने,
- नदी उकासमा उपयुक्त प्रजातिका बीऊ छरी (Seed Sowing ) वनको विकास गर्ने,

- निजी जग्गाधनीको नदी उकास क्षेत्रमा हुर्किएको वा हुर्काइएको वनको वन पैदावार सम्बन्धित जग्गाधनि कै हुने व्यवस्था गर्ने,
- सार्वजनिक जग्गामा वनको विकास गर्दा उपभोक्ता समूहद्वारा गर्ने व्यवस्था गर्ने ।

**क्षेत्र ४: वन उद्यम तथा पर्यापर्यटन प्रवर्द्धन**

वन उद्यम तथा पर्यापर्यटन प्रवर्द्धन विषयगत क्षेत्रअन्तर्गत निम्नानुसारका दुईवटा उपक्षेत्रहरू रहेका छन्।

क. वन उद्यम विकासमा सहजीकरण
ख. पर्यापर्यटन प्रवर्द्धन

उल्लिखित उपक्षेत्रलाई लक्षित गरी निम्नानुसारका रणनीतिहरू तर्जुमा गरिएका छन् ।

**क. वन उद्यम विकासमा सहजीकरण**

**१. कच्चा पद्धार्थ (वन पैदावार) आपूर्तिलाई दिगो बनाई वन उद्यमलाई टेवा पुऱ्याउने**

- सबै वन व्यवस्थापन पद्धतिमा दिगो वन व्यवस्थापन गरी औद्योगिक कच्चा पदार्थ उत्पादनमा वृद्धि गर्ने,
- वन उद्यमलाई आवश्यक कच्चा पदार्थ आपूर्तिको सुनिश्चितता गर्ने,
- वन पैदावारको सुनिश्चित उपलब्धताका लागि उपभोक्ता समूह र काठ उद्यमहरू बिच समझदारी कायम गर्ने,
- उत्पादन बिक्री (Product Sales), खरीद-फिर्ता सम्झौता (Buy-Back Agreements) र वन स्रोतहरूमा लगानीको लागि निजी-समुदाय साझेदारी प्रवर्द्धन गरी विभिन्न प्रकारका समुदायमा आधारित वन व्यवस्थापन समूहहरूको संलग्नतालाई प्रोत्साहित गर्ने,
- निजी जग्गामा स्वदेशी र उच्च मूल्यका गैरकाष्ठ वन पैदावारको खेती (Domestication) लाई बढावा दिन उच्च गुणस्तरको बीऊ, विरुवा र प्रविधि उपलब्ध गराउने,
- निजी लगानीकर्तालाई उत्पादनको गुणस्तर सुधारमा लगानी गर्न प्रोत्साहन गर्ने,
- वनजन्य कच्चा पदार्थ वा काठको मूल्य अभिवृद्धि गर्न प्रशोधन, उड ट्रिटमेण्ट प्लाण्ट, डिस्टिलेसन प्लाण्ट स्थापना तथा सञ्चालन गर्ने।

## २. वन उद्यममा संलग्न सरोकारवाला र जनशक्तिको क्षमता विकासमा जोड दिने

- सरकारी निकाय, समुदाय, उद्यमसँग सरोकार राख्ने नागरिक समाज र व्यावसायिक वन पैदावार उत्पादन (Production), संकलन (Harvesting), प्रशोधन (Processing), प्याकेजिङ (Packaging), ब्रान्डिङ्ग (Branding), मार्केटिंङ (Marketing) सम्बन्धी सीप विकासमा जोड दिने,
- व्यावसायिक उत्पादनका लागि मेसिन तथा उपकरणहरूको प्रयोगमा प्रोत्साहन गर्ने
- वन श्रमिकको क्षमता विकास, वन श्रमिकको उत्पादकत्व सुदृढीकरणमार्फत वनक्षेत्रमा युवाहरूको आकर्षण बढाउने,
- कटान (Harvesting), Saw-Milling, Carpentry जस्ता सीपमूलक कार्यमा कुशल जनशक्ति तयार गर्ने,
- जनशक्तिको विकासमा, समाजमा पछाडि परेका वर्ग तथा क्षेत्रका बासिन्दालाई प्राथमिकता दिने,
- वन व्यवसायलाई पारदर्शी र जवाफदेही बनाई वनमा संलग्न उद्यमी र व्यापारीहरूको मनोबल बढाउने,
- काठ प्रशोधन गर्दा हुने जर्ती (नोक्सानी) कम गर्न काठ प्रशोधन तथा प्रयोग गर्ने उद्योगहरूको कार्यक्षमता (Efficiency) बढाउने।

## ३. वन उद्यम/उद्योग स्थापना तथा सञ्चालनमा टेवा पुऱ्याउने

- वन पैदावारको उपलब्धताको आधारमा संभावित उत्पादन गर्न सकिने वस्तु, सामग्री र स्थानीय, स्वदेशी तथा अन्तर्राष्ट्रिय बजारसमेतको विश्लेषण गरी संभाव्य उद्यम/उद्योग स्थापनाका लागि अध्ययन प्रतिवेदन तयार गर्ने,
- वनको किसिम, अवस्था र मौज्दातको अध्ययन विश्लेषण गरी सरकारी, सहकारी, समुदाय, निजी क्षेत्रसँगको साझेदारीमा सञ्चालन गर्न सकिने उद्योगहरूको पहिचान गर्ने,
- अध्ययन प्रतिवेदनअनुसार सरकारी वा सार्वजनिक, सामुदायिक, सहकारी तथा निजी क्षेत्रसँग साझेदारी वा एकल स्वामित्वमा सञ्चालन गर्न सकिने तुलनात्मक लाभका उद्यम/उद्योग पहिचान गर्ने,
- वनजन्य उद्यम/उद्योगको लागि ग्लोबल फण्डहरूबाट ऋण तथा अनुदान प्राप्त गर्ने र प्रत्यक्ष वैदेशिक लगानी (फरेन डाइरेक्ट इन्भेष्टमेन्ट) भित्र्याउने व्यवस्था गर्ने,

- सार्वजनिक, सामुदायिक, सहकारी तथा निजी क्षेत्रसँगको साझेदारीमा प्रत्येक प्रदेशमा कम्तीमा एउटा काठमा आधारित उद्योग र एउटा ठूलो वा मझौलास्तरको गैरकाष्ठ/जडीबुटीमा आधारित उद्योग स्थापना गर्न सहजीकरण गर्ने,
- वन पैदावारमा आधारित औद्योगिक पूर्वाधार निर्माणका लागि गुणस्तरीय यान्त्रिक उपकरण आयातमा सहुलियत वा सुविधा प्रदान गर्ने,
- वनजन्य उद्यम/उद्योगको लागि निश्चित अवधिसम्मको लागि कर छुट, विद्युत महसुलमा सहुलियत, निर्यातयोग्य वस्तुमा भन्सार छुट, निर्यातका आधारमा नगद अनुदान दिने लगायतका व्यवस्था गर्ने।

## ४. वन पैदावारबाट उत्पादित वस्तु र सामग्रीको उपयोगलाई प्रोत्साहन दिने

- विभिन्न प्रकारका वन पैदावारका लागि उपभोक्ताको आवश्यकता र प्राथमिकता पहिचान गर्न बजार अनुसन्धान (Market Research) गर्ने,
- उत्पादित वस्तुको प्रयोगका लागि उपभोक्तास्तरमा जागरुकता अभियान सञ्चालन गर्ने,
- सरकारी संरचनाहरूमा अनिवार्य रूपमा स्वदेशी काठ र सोबाट बनेका सामग्रीहरू प्रयोग गर्ने,
- मूल्य-श्रृंखला अध्ययन (Value–Chain Analysis) र नयाँ उत्पादन प्रयोग र बजारको पहिचान (राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा) गर्न सम्भावित लगानीकर्ता र उद्यमीहरूसँग समन्वय गर्ने।

## ख. पर्यापर्यटन प्रवर्द्धन

## १. राष्ट्रिय वनमा व्यावसायिक पर्यापर्यटन व्यवस्थापन तथा विस्तार गर्ने

- राष्ट्रिय वनमा पर्यापर्यटन सञ्चालनसम्बन्धी मापदण्ड, विधि र प्रक्रिया अवलम्बन गरी कबुलियती वन, सामुदायिक वन, साझेदारी वन तथा वन संरक्षण क्षेत्रमा व्यावसायिक पर्यापर्यटन व्यवस्थापन तथा विस्तार गर्ने,
- पर्यापर्यटन विकासका लागि सम्भावित स्थानको पहिचान, नक्साङ्कन र मूल्यांकन गरी पर्यटकीय सेवा सुविधाको प्रबन्ध मिलाउने,
- उपभोक्ता समूहले स्वीकृत कार्ययोजनामा समावेश गरी समूह आँफैले वा प्रतिस्पर्धाका आधारमा निजी क्षेत्रको संलग्नता र साझेदारीमा व्यावसायिक पर्यापर्यटन सञ्चालन गर्न सक्ने व्यवस्था मिलाउने,
- स्वीकृत मापदण्ड बमोजिम इच्छुक उद्यमी, फर्म, संघसंस्थालाई प्रतिस्पर्धाका आधारमा पर्यापर्यटन उद्यम सञ्चालन गर्न वनक्षेत्र उपलब्ध गराउने।

## ६.२ अन्तरविषयगत क्षेत्र (Cross Cutting Area)

| |
|---|
| १. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| २. जलवायु उत्थानशीलता र प्राकृतिक प्रकोप नियन्त्रण |
| ३. वातावरणीय सेवा तथा कार्बन सञ्चिति अभिवृद्धि |
| ४. वनक्षेत्रको प्रशासनिक एवं सांगठनिक सुधार र सुशासन |
| ५. वन अनुसन्धान, प्रविधि तथा सूचना प्रणालीको विकास |

**अन्तरविषयगत क्षेत्र १ः लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

**रणनीति**

१. वन व्यवस्थापनमा सकारात्मक विभेद अवलम्बन गरी महिला, दलित, आदिवासी जनजाति, मधेसी र पछाडि परेको समुदायको समानुपातिक प्रतिनिधित्वको सिद्धान्तअनुसार सहभागिता अभिवृद्धि गर्ने,

२. महिला र वञ्चितीकरणमा परेको समुदायको आर्थिक स्तरोन्नतिका लागि उनीहरूप्रति लक्षित हरित वन उद्यम प्रवर्द्धन एवं जीविकोपार्जनका अवसरहरू सृजना गर्ने,

३. वन उद्यमहरूमा संलग्न महिला उद्यमीहरूको क्षमता विकास गर्ने,

४. महिला, दलित, आदिवासी, जनजाति, मधेसी र पछाडि परेको समुदायका लागि वनबाट प्राप्त हुने लाभको बाँडफाँट लगायतका क्रियाकलापमा महिला, आदिवासी, दलित, मधेशी र जनजाति लगायत समुदायको सक्रिय समानुपातिक प्रतिनिधित्वको सिद्धान्त अनुसार सहभागिता सुनिश्चित गर्ने,

५. वन व्यवस्थापनमा महिला तथा सामाजिकरूपमा पछाडि परेका समूहहरूको नेतृत्व क्षमता अभिवृद्धि गर्ने,

६. वन व्यवस्थापनमा प्रथाजनित परम्परागत ज्ञान, सीप र अभ्यासलाई समावेश गर्ने,

७. वनक्षेत्रका हरेक कार्यालयहरूमा लैङ्गिक समानता, अपाङ्गमैत्री तथा सामाजिक समावेशीकरण (GEDSI) सम्पर्क व्यक्तिको व्यवस्था गरी उनीहरूको प्रभावकारी कार्यसम्पादनको लागि क्षमता विकास गर्ने।

## अन्तरविषयगत क्षेत्र २ः जलवायु उत्थानशीलता र प्राकृतिक प्रकोप नियन्त्रण

### रणनीति

१. वनक्षेत्रमा जलवायु परिवर्तनको जोखिम विश्लेषण गरी नक्सांकन गर्ने,
२. वनक्षेत्रभित्र कृत्रिम, सिमेण्ट र प्लाष्टिकजन्य संरचनाहरू निरुत्साहित गर्ने,
३. सबै तहका वन व्यवस्थापन कार्ययोजना तर्जुमा गर्दा समुदाय र पारिस्थितिकीय प्रणालीमा जलवायु परिवर्तनबाट हुने जोखिम विश्लेषण गर्ने,
४. वनक्षेत्रमा जलवायु परिवर्तन अनुकूलनका विकल्पहरू पहिचान गर्ने र प्राथमिकीकरण गरी विकल्पहरूको कार्यान्वयन गर्ने,
५. वन व्यवस्थापनका सरोकारवालाहरू र जीविकोपार्जनका लागि वनमा आश्रित समूहहरूको जलवायु परिवर्तन अनुकूलन क्षमता विकास गर्ने,
६. वनबाट प्राप्त हुने वस्तु तथा सेवाको निरन्तरताको लागि जलवायु परिवर्तनअनुरूप हुर्कन सक्ने वन वनस्पतिको वृक्षारोपण तथा संवर्द्धन गर्ने,
७. जलवायु परिवर्तनको जोखिममा रहेका गरिब, महिला, दलित, आदिवासी, जनजाति तथा पछाडि परेका समूहहरू तथा सहभागितामूलक वन व्यवस्थापन समूहहरूको जलवायु परिवर्तनको जोखिमसँग जुध्न सक्ने सामर्थ्यता वृद्धि गर्न आयआर्जनमा विविधीकरण गर्ने ।

## अन्तरविषयगत क्षेत्र ३ः वातावरणीय सेवा तथा कार्बन सञ्चिति अभिवृद्धि

### रणनीति

१. पारिस्थितिकीय सेवाहरूलाई पहिचान र वर्गीकरण गरी तिनको प्रवर्द्धन र संरक्षणका लागि आवश्यक मापदण्ड तयार गर्ने,
२. राष्ट्रिय वनमा विभिन्न किसिमका वातावरणीय सेवा सम्बन्धी परीक्षण योजना सञ्चालन गरी सेवाशुल्क भुक्तानी परीक्षण योजना सञ्चालन गर्ने,
३. वनक्षेत्रले वातावरण संरक्षण र वातावरणीय सेवाले राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याउने योगदानको आंकलन गर्ने र अंकमा उल्लेख गर्ने,
४. वातावरणीय अध्ययनमा वातावरणीय सेवाहरूको लेखाजोखा गर्ने व्यवस्था अनिवार्य गर्ने,
५. वातावरणीय सेवाहरूको लेखा प्रणाली तयार गरी, तिनको मापन र मूल्याङ्कनका लागि नीतिगत व्यवस्था गर्ने,
६. वनमा कार्बन सञ्चिति वृद्धि गरी कार्बन व्यापारबाट प्राप्त लाभमा प्राथमिकता र समन्यायिक तवरबाट स्थानीय समुदायको पहुँच पुऱ्याउने।

## अन्तरविषयगत क्षेत्र ४ः वनक्षेत्रको प्रशासनिक एवं सांगठनिक सुधार र सुशासन

### रणनीति

१. वन संगठनलाई समयानुकुल परिमार्जन गरी जनशक्ति पुनर्संरचना गर्ने,
२. वनक्षेत्रका सबै निकायहरूमा पारदर्शिता, जवाफदेहिता र निष्पक्षता कायम गर्दै प्रभावकारी र जनमैत्री सेवा प्रवाह गर्ने,
३. कानुनको परिपालना गर्दै सेवाग्राहीप्रति वन संगठन र अन्य सेवा प्रदायकलाई जवाफदेही तुल्याउने,
४. वन प्राविधिक परिषद्को गठन गरी वन प्राविधिक क्षेत्रका सेवा प्रदायकले वन प्राविधिक परिषदमा दर्ता हुनुपर्ने व्यवस्था गर्ने,
५. वन ऐन, २०७६ ले दिएको कानुनी अधिकार प्रयोग गर्न नेपाल सरकारले डिभिजनल वन अधिकृत खटाउने व्यवस्था गर्ने,
६. संघ, प्रदेश र स्थानीय तहको समन्वय कायम गर्न नियमित रूपमा गोष्ठी तथा बैठक सञ्चालन गर्ने,
७. वनक्षेत्रमा प्रवेश गर्ने नयाँ जनशक्तिको क्षमता अभिवृद्धि गर्न अनिवार्य सेवा प्रवेश तालिमको व्यवस्था गर्ने,
८. सशस्त्र वनरक्षकको परिचालन व्यवस्थित र सुनिश्चित गर्ने गरी कानुनी व्यवस्था गर्ने,
९. संघीय सरकार र प्रदेश सरकारबीच स्पष्ट समन्वय व्यवस्था गरी सशस्त्र वनरक्षकहरूको नियुक्ति, पदपूर्ति र परिचालनलाई सहज बनाउने,
१०. सशस्त्र वनरक्षकहरूको क्षमता अभिवृद्धिका लागि वन संरक्षण तालिम केन्द्रहरूको स्थापना तथा हाल रहेको सशस्त्र वनरक्षक तालिम केन्द्रलाई सुविधासम्पन्न बनाई सुरक्षा निकायहरूको समन्वयमा विशेष प्रशिक्षण मोड्युल/पाठ्यक्रमहरूको निर्माण गरी नियमित तालिमको व्यवस्था मिलाउने।

## अन्तरविषयगत क्षेत्र ५ः वन अनुसन्धान, प्रविधि तथा सूचना प्रणालीको विकास

### रणनीति

१. राष्ट्रिय वनसम्बन्धी अनुसन्धानका विषयहरूमा विश्वविद्यालय, शैक्षिक संस्था तथा अनुसन्धानमूलक निकायहरूसँग सहकार्य र समन्वय गर्ने,
२. वनक्षेत्रका कार्यमूलक अनुसन्धान कार्यहरूमा डिभिजन वन कार्यालय, स्थानीय उपभोक्ता समूह, संघसंस्था आदि परिचालन गरी सञ्चालन गर्ने,
३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा उच्च मूल्य भएका काष्ठ तथा गैरकाष्ठ वन पैदावारहरूको अनुसन्धानमा प्राथमिकता प्रदान गर्ने,

४. स्थानीय र राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने र रोजगारी सिर्जना गर्नसक्ने कार्यहरूको अनुसन्धानलाई प्राथमिकताका साथ सञ्चालन गर्ने,
५. जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका उपायहरूसँग सम्बन्धित अध्ययन अनुसन्धान गर्ने/गराउने,
६. वातावरणीय दृष्टिले संवेदनशील तथा महत्त्वपूर्ण वनक्षेत्र, संकटापन्न प्राणी तथा वनस्पति प्रजाति, वातावरणीय सेवा तथा जलाधार क्षेत्रहरूको अध्ययन अनुसन्धान गर्ने,
७. वनक्षेत्रको नीति निर्माण तथा योजना तर्जुमा कार्यमा प्रत्यक्ष योगदान पुग्ने विषय र क्षेत्रहरूको अध्ययन अनुसन्धानलाई प्राथमिकताका साथ सञ्चालन गर्ने,
८. वन अनुसन्धान कार्यलाई वनक्षेत्रको समग्र नीति तथा योजनासँग आबद्ध गरी वनक्षेत्रको नीति र योजना तर्जुमा गर्दा अनुसन्धानबाट प्राप्त नतिजाहरूलाई आधार बनाउने,
९. वन तथा वातावरण क्षेत्रका अन्तर्राष्ट्रिय सन्धि सम्झौतासँग सम्बन्धित सवालहरूमा अध्ययन गरी त्यसअनुरूप राष्ट्रिय नीति निर्माण एवं कार्यान्वयन गर्न सहयोग गर्ने,
१०. वन तथा वातावरणीय क्षेत्रको अध्ययन अनुसन्धान र प्राप्त तथ्याङ्क सूचनाहरूलाई सर्वसाधारण तथा सरोकारवालासमक्ष प्रवाह गर्न वन सूचना तथ्याङ्क प्रवाह कार्यविधि बनाई प्रभावकारी रूपमा सञ्चालन गर्ने,
११. अनुसन्धानका नतिजाहरू कार्यशाला, तालिम, गोष्ठी आदिको माध्यमबाट सरोकारवालाहरूलाई प्रवाह गर्ने व्यवस्था मिलाउने,
१२. सबै किसिमका वन व्यवस्थापन प्रणालीका लागि दिगो वन व्यवस्थापनका राष्ट्रिय मापदण्डहरू तय गरी अनुगमनका सूचकहरू निर्धारण गरी समुदायस्तरदेखि सबडिभिजन र डिभिजन वन कार्यालयबाट स्वचालित अनलाइन प्रणालीमा प्रविष्ट गरी जिल्ला, प्रदेश तथा संघीयस्तरमा एकीकृत प्रतिवेदन प्राप्त गर्न सकिने व्यवस्था मिलाउने,
१३. वनक्षेत्रसम्बन्धी सूचना तथा तथ्याङ्कहरू सम्बन्धित डिभिजन वन कार्यालय, प्रदेश वन निर्देशनालय तथा मन्त्रालयहरू र वन तथा भू-संरक्षण विभागको वेबसाइटमा अद्यावधिक तथा व्यवस्थित गरी सरोकारवालाहरूको खुला पहुँच स्थापित गर्ने र स्वचालित प्रणालीमा गुनासो सुन्ने व्यवस्था मिलाउने,
१४. तथ्यांक सङ्कलन र व्यवस्थापनका लागि सम्बन्धित प्राविधिकहरूको क्षमता अभिवृद्धि गर्ने,
१५. नेपाल सरकार, प्रदेश सरकार, स्थानीय शैक्षिक संस्थान तथा अन्य स्रोतहरूबाट उपलब्ध वन अनुसन्धान र सूचनाहरू सङ्कलन तथा व्यवस्थापनको लागि संघीय, प्रादेशिक र स्थानीय रूपमा साझा थलोको विकास गर्ने।

# खण्ड ७: तहगत अधिकार, जिम्मेवारी तथा समन्वय

## क. संघ

(वन तथा वातावरण मन्त्रालय तथा अन्तर्गतका निकायहरू)

१. राष्ट्रिय वन नीति, रणनीति, ऐन, नियम, कार्यविधि, निर्देशिका निर्माण तथा परिमार्जन गर्ने,

२. विभिन्न तहका सरकारहरूबीच वन व्यवस्थापन पद्धति कार्यान्वयन गर्न नीतिगत सामञ्जस्यताका लागि आवश्यक सहजीकरण गर्ने,

३. राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना तर्जुमा, स्वीकृति र कार्यान्वयनको अनुगमन गर्ने,

४. राष्ट्रिय वनभित्र विद्युत, खानी, सडकलगायतका विकास आयोजनाका लागि भोगाधिकार दिएका वनक्षेत्रको अनुगमन र नियमन गर्ने,

५. राष्ट्रिय वनभित्रको रामसारमा सूचीकृत तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वका सिमसार क्षेत्र व्यवस्थापन गर्ने,

६. राष्ट्रिय वनबाट प्राप्त हुने कार्बन सेवा व्यवस्थापन गर्ने,

७. भू-परिधि क्षेत्र तथा वनक्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन गर्ने,

८. जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण, अनुकूलन र जैविक विविधता संरक्षण कार्य गर्ने,

९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूपका कार्यक्रम तथा परियोजनाहरू तर्जुमा गरी तहगतरूपमा कार्यान्वयनको प्रारूप तयार गर्ने,

१०. अन्तरप्रादेशिक वनको व्यवस्थापनका लागि प्रदेशहरूबीच विवाद उत्पन्न भएमा विवाद समाधानका लागि समन्वय र सहजीकरण गर्ने,

११. वनक्षेत्रसँग सम्बन्धित नेपाल पक्ष राष्ट्र भएका वन वातावरणसँग सम्बन्धित सन्धि महासन्धिहरूको कार्यान्वयन गर्ने गराउने।

## ख. प्रदेश

(प्रदेशको वनक्षेत्र हेर्ने मन्त्रालय र अन्तर्गतका निकायहरू, प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय)

१. राष्ट्रिय वनको एकीकृत रणनीतिक योजनाको कार्यान्वयन गर्ने,

२. राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना बमोजिम आवधिक योजना तयार गरी स्वीकृत तथा कार्यान्वयन गर्ने, गराउने,

३. संघ तथा स्थानीय तहसँग समन्वय गरी आफ्नो प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र व्यवस्थापन गर्ने,

४. राष्ट्रिय वन नीति, रणनीति, मापदण्ड एवं संघीय कानुनका आधारमा प्रदेश अन्तर्गतका अन्तरप्रादेशिक वन र प्रदेशभित्रको राष्ट्रिय वन व्यवस्थापनका लागि कानुन निर्माण गरी कार्यान्वयन गर्ने, गराउने,

५. प्रदेशभित्रका निजी वन राष्ट्रिय वन, जैविक विविधता संरक्षण सम्बन्धी आवश्यक प्रदेशस्तरीय मापदण्ड, नीति, कानुन निर्माण कार्यान्वयन तथा नियमन गर्ने,

६. राष्ट्रिय वनभित्रका रामसार सूचीकृत र अन्य सिमसार क्षेत्र, ताल, तलैयाको व्यवस्थापन गर्ने,

७. वन पैदावारको माग र आपूर्तिको सन्तुलन कायम गर्ने,

८. काष्ठ, जडीबुटी तथा गैरकाष्ठ वन पैदावारसम्बन्धी वन उद्यम विकास, विस्तार तथा प्रवर्द्धन गर्ने,

९. राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापनसम्बन्धी अध्ययन अनुसन्धान तथा तथ्यांक सङ्कलन गर्ने र विवरणहरू अद्यावधिक गरी सम्बन्धित संघीय निकायमा पठाउने,

१०. वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीऊ उत्पादन, बीऊबगैंचा स्थापना र व्यवस्थापन गर्ने,

११. निजी वन र सहरी वन विकास प्रवर्द्धन गर्ने,

१२. जलवायु परिवर्तन र प्राकृतिक विपद् जोखिम विश्लेषण, जोखिम न्यूनीकरणका योजना तयारी तथा कार्यान्वयन गर्ने,

१३. राष्ट्रिय वनभित्र विद्युत्, खानी, सडकलगायतका विकास आयोजनाका लागि भोगाधिकार दिइएका वनक्षेत्रको अनुगमन र नियमनमा संघीय निकायलाई सहयोग र समन्वय गर्ने।

## ग. स्थानीय तह

१. वन, वन्यजन्तु तथा जैविक विविधता र वातावरण संरक्षण गर्ने

२. सहरी वन विकास र व्यवस्थापन गर्ने,

३. सार्वजनिक एवं नदी उकास क्षेत्रका वन विकास तथा व्यवस्थापन गर्ने,

४. निजी एवं सार्वजनिक क्षेत्रका सिमसार क्षेत्रको व्यवस्थापन गर्ने,

५. निजी वन प्रवर्द्धन एवं व्यवस्थापनसम्बन्धी कार्य गर्ने,

६. वनक्षेत्र र वन पैदावारमा आधारित उद्यमको विकास तथा प्रवर्द्धन गर्ने,

७. राष्ट्रिय वनभित्र विद्युत, खानी, सडकलगायतका विकास आयोजनाका लागि भोगाधिकार दिएका वनक्षेत्रको अनुगमन र नियमनमा प्रदेश र संघीय निकायलाई सहयोग र समन्वय गर्ने।

## घ. समुदाय

(समुदायमा आधारित वन व्यवस्थापन समूहहरू)

१. हस्तान्तरित वनको संरक्षण, व्यवस्थापन र सदुपयोग गर्ने,

२. सहभागितामूलक वन व्यवस्थापन गर्न उपभोक्ता समूहको गठन तथा विधान तयार गर्ने,

३. समुदायमा आधारित वन व्यवस्थापन कार्ययोजना तयारी, पुनरावलोकन गरी स्वीकृति प्राप्त भएपश्चात् कार्यान्वयन गर्ने, कार्ययोजना आवधिकरूपमा नवीकरण गरी अद्यावधिक राख्ने,

४. वन पैदावारको न्यायोचित बिक्री वितरण गर्ने,

५. सहभागितामूलक वन व्यवस्थापन कार्यको नियमित प्रतिवेदन तयारी गर्ने,

६. उपभोक्ता समूहको वन व्यवस्थापन लगायतका सामुदायिक विकास क्रियाकलापको व्यवस्थित अभिलेख राखी वार्षिकरूपमा आर्थिक तथा प्राविधिक प्रतिवेदन तयार गरी सम्बन्धित निकायहरूमा पेश गर्ने,

७. समुदायमा आधारित वनक्षेत्रमा सुशासन कायम गर्न संघ, प्रदेश र स्थानीय तहहरूसँग सामञ्जस्यता कायम गरी कार्य गर्ने,

# खण्ड ८: रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक लगानी र संभाव्य लगानीका स्रोत

## क. दीर्घकालीन लगानी योजना

यस रणनीतिक योजनाको २० वर्षको अवधिको लागि वि.सं. २०८१ सालको मूल्यमा ११० अर्ब रूपैयाँ लगानी आवश्यक पर्ने अनुमान गरिएको छ। लागत अनुमानमा नेपाल सरकार र प्रदेश सरकारबाट देशभरका डिभिजन वन कार्यालयहरू, जलाधार व्यवस्थापन कार्यालयहरू, वन निर्देशनालयहरू र वन तथा भू-संरक्षण विभाग र अन्तर्गतका कार्यालयहरूमा हाल विनियोजन भइरहेको कार्यक्रम बजेट (तलब भत्ता लगायतका सालबसाली खर्च बाहेक) र रणनीति कार्यान्वयनको लागि थप लगानी गर्नुपर्ने रकम समेतलाई विश्लेषण गरी समावेश गरिएको छ। उल्लिखित ११० अर्ब रूपैंया लागतलाई निम्न अनुसारको स्रोतबाट जुटाउने गरी प्रस्ताव गरिएको छ।

- नेपाल सरकार र प्रदेश सरकारको बजेटबाट रु. ६० अर्ब
- वन विकास कोषबाट रु. १५ अर्ब
- विभिन्न आयोजना परियोजना (विकास साझेदार) बाट रु. ३० अर्ब
- स्थानीय तह, वन उपभोक्ता समूह र अन्यबाट रु. ५ अर्ब

उल्लिखित रकमलाई यस रणनीतिक योजनाका विषयगत र अन्तरविषयगत क्षेत्रहरूमा निम्नानुसार विभाजन गरी खर्च गरिनेछ ।

| रणनीतिक योजनाका क्षेत्रहरू | | बजेट बाँडफाँट |
|---|---|---|
| विषयगत क्षेत्र | वन तथा जैविक विविधता संरक्षण | २०% |
| | दिगो वन व्यवस्थापन | ३०% |
| | सार्वजनिक तथा निजी वनको विकास | १५% |
| | वन उद्यम तथा पर्यापर्यटन प्रवर्द्धन | ५% |
| | जम्मा | ७०% |
| अन्तरविषयगत क्षेत्र | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ५% |
| | जलवायु उत्थानशीलता र प्राकृतिक प्रकोप नियन्त्रण | १०% |
| | वातावरणीय सेवा तथा कार्बन सञ्चिति अभिवृद्धि | ५% |
| | वनक्षेत्रको प्रशासनिक एवं संगठन सुधार र सुशासन | ५% |
| | वन अनुसन्धान, प्रविधि तथा सूचना प्रणाली विकास | ५% |
| | जम्मा | ३०% |
| कुल जम्मा | | १००% |

## ख. लगानीका स्रोतहरू

यो रणनीतिक योजना कार्यान्वयनका लागि तीनवटै तहः संघ, प्रदेश र स्थानीय तहका सरकारहरूबाट राष्ट्रिय वन व्यवस्थापनको लागि आवश्यक कार्यक्रम र बजेटको व्यवस्था गरिने छ। त्यसका साथै नेपालमा कार्यरत अन्तर्राष्ट्रिय विकास साझेदारहरू, निजी क्षेत्र र यस क्षेत्रमा कार्यरत अन्य विभिन्न सरोकारवाला निकायहरूले पनि यस रणनीतिक योजना कार्यान्वयनलाई सहयोग पुग्ने गरी योजना कार्यक्रम र बजेट तर्जुमा गर्न सक्नेछन्। यसको कार्यान्वयनका लागि सम्भाव्य लगानीका स्रोतहरू निम्नानुसार हुन सक्नेछन्।

- वन विकास कोष राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना कार्यान्वयनका लागि एक महत्त्वपूर्ण लगानीको स्रोत हुनेछ।
- कार्बन उत्सर्जन न्यूनीकरण भुक्तानीबाट वन संरक्षण तथा व्यवस्थापनको लागि अन्तर्राष्ट्रिय वित्त प्राप्त हुनेछ। जलवायु परिवर्तन अनकूलन कार्यक्रममार्फत समेत वन व्यवस्थापनको लागि थप अन्तर्राष्ट्रिय वित्त परिचालन हुनेछ।
- विदेशी सरकार, अन्तर्राष्ट्रिय संघसंस्था तथा दातृ निकाय एवं विकास साझेदारहरूसँग सहकार्य गरी स्रोतको व्यवस्थापन गरिनेछ।
- दिगो वन व्यवस्थापन तथा संरक्षणका लागि विभिन्न माध्यमबाट अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच पु¥याईनेछ।
- निजी तथा व्यावसायिक क्षेत्रलाई व्यावसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत वृक्षारोपण, सहरी वन विकास, हरित उद्यानलगायतका वन व्यवस्थापनका क्षेत्रमा लगानी गर्न आकर्षित गरिनेछ।
- समुदायमा आधारित वन व्यवस्थापन पद्धतिसँग सम्बन्धित सरोकारवाला संघ/संस्था/समूहले राष्ट्रिय वन व्यवस्थापनमा थप लगानी गर्न सक्नेछन् ।
- वन पैदावारमा आधारित उद्योग स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने निजी क्षेत्रले समेत लगानी गर्न सक्नेछन्।

# खण्ड ९: अपेक्षित उपलब्धिहरू

१. राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना अनुकुल हुने गरी सबै डिभिजन वन कार्यालयहरूले आवधिक योजना बनाई लागू गरेका हुनेछन्।

२. नेपालको सम्पूर्ण अन्तरप्रादेशिक वन र प्रदेशभित्रको राष्ट्रिय वनक्षेत्रको व्यवस्थापन कार्ययोजना तयार भई कार्यान्वयन भएको हुनेछ।

३. तराई तथा भित्री मधेशको कम्तीमा पनि ५०% र मध्य पहाडको न्यूनतम २५% राष्ट्रिय वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन भएको हुनेछ ।

४. रणनीतिक योजनाको सुरुको अवस्थाबाट योजना सम्पन्न हुने अवधिसम्ममा वन विनाश र वनको क्षयीकरण दरमा ५०% ले कमी आउनेछ।

५. हाल वनक्षेत्रबाट वार्षिक करिब २ लाख पूर्णकालीन रोजगारी प्राप्त भइरहेकोमा यसमा वृद्धि भई वार्षिक ५ लाख पुगेको हुनेछ ।

६. हाल आन्तरिक बजारमा वार्षिक ३ लाख घनमिटर काठ उपलब्ध भइरहेकोमा यसमा वृद्धि भई वार्षिक १० लाख घनमिटर आपूर्ति हुनेछ ।

७. हाल वार्षिक रु. ८ अर्ब बराबरको गैरकाष्ठ वन पैदावार/जडीबुटी निकासी भइरहेकोमा यसमा वृद्धि भई वार्षिक रु. १० अर्ब पुग्नेछ।

८. देशका सातै प्रदेशमा सशस्त्र वनरक्षक ब्यारेक स्थापना भई वनको संरक्षण भएको हुनेछ।

९. डिभिजनस्तरमा मापदण्डसहितको उच्च प्रविधियुक्त नर्सरी स्थापना भएको हुनेछ।

१०. महत्त्वपूर्ण प्रजातिका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारहरूको नक्साङ्कन भएको हुनेछ।

११. नेपालको वनक्षेत्रमा कुल कार्बन सञ्चिति करिब १ अर्ब १० करोड टन रहेको हुनेछ ।

१२. वन पैदावारमा आधारित उद्योगहरूका लागि कच्चा पदार्थ उत्पादन एवं आपूर्तिमा वृद्धि भएको हुनेछ।

# खण्ड १०: रणनीतिक योजना कार्यान्वयनका जोखिम

यो रणनीतिक योजना कार्यान्वयन गर्दा सम्बन्धित निकायहरूले मुख्यरूपमा निम्न प्राकृतिक जोखिमहरूको सामना गर्नुपर्ने हुनसक्छ।

- **वित्तीय जोखिमः** अपेक्षित परिमाणअनुरूपको आर्थिक स्रोत एवं सरकारी बजेट विनियोजन-को अपर्याप्तता।
- **सांगठनिक जोखिमः** रणनीतिको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक जनशक्ति एवम् साधन स्रोतको अभाव।
- **अनुपालन (Compliance) जोखिमः** प्रदेशहरूले आ-आफ्नो नीति बनाउने क्रममा केही विषय प्राथमिकतामा पर्न नसकेको अवस्थामा सबै विषयमा अपेक्षित नतिजा प्राप्त हुन नसक्ने।
- **समन्वय जोखिमः** तीनै तहका सरकारबीच प्रभावकारी समन्वयको अभाव।
- **वाह्य प्रभाव जोखिमः** भूकम्प, जलवायुजन्य प्रकोप, महामारी, महाव्याधीजस्ता वाह्य कारणले कार्यान्वयनमा प्रभाव पर्न सक्ने जोखिम।

# खण्ड ११: अनुगमन तथा राष्ट्रिय प्रतिवेदन

१. प्रत्येक डिभिजन वन कार्यालयले वार्षिकरूपमा निर्धारित अनुगमन सूचकका आधारमा आफ्ना कार्यक्षेत्र भित्रका वन संरक्षण, व्यवस्थापन, प्रशासन तथा राष्ट्रिय बन विकास कार्यहरूको नियमित अनुगमन तथा अभिलेखको व्यवस्था मिलाई प्रदेश वन निर्देशनालयमा आवधिक प्रतिवेदन पेश गर्ने र उपलब्ध वन सूचना प्रणालीमा अद्यावधिक जानकारी प्रविष्ट गर्ने।

२. प्रदेश वन निर्देशनालयले प्रदेशभित्र भएको अन्तरप्रादेशिक र प्रदेशभित्रको राष्ट्रिय वन व्यवस्थापनको स्थलगत कार्यहरूको कार्यान्वयन अवस्थाको नियमित अनुगमन तथा मूल्याङ्कन गरी सम्बन्धित कार्यालयलाई पृष्ठपोषण गर्ने र यसको प्रतिवेदन प्रदेश मन्त्रालय र वन तथा भू-संरक्षण विभागमा पठाउने।

३. अनुगमनबाट प्राप्त प्रतिवेदनलाई विश्लेषण गरी प्रदेशगतरूपमा प्रदेश मन्त्रालयले आवश्यक निर्देशन र सहयोग उपलब्ध गराउने।

४. वन तथा भू-संरक्षण विभागले प्रदेश निर्देशनालयहरूबाट प्राप्त प्रतिवेदन एकत्रित तथा विश्लेषण गरी राष्ट्रियस्तरको विश्लेषणात्मक प्रतिवेदन तयार पारी वन तथा वातावरण मन्त्रालयमा प्रस्तुत गर्ने।


५. प्रदेश मन्त्रालयले प्रदेश निर्देशनालयबाट प्राप्त प्रतिवेदन विश्लेषण गरी प्रतिवेदन तयार पारी वन तथा वातावरण मन्त्रालयमा पेश गर्ने।

६. यस रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि संघीय वनसचिव र प्रदेश वन सचिव बीच कार्य सम्पादन सम्झौता गर्न सकिने |


७. रणनीतिक योजनाको पुनरावलोकन

- वन तथा भू-संरक्षण विभागले आवधिकरूपमा यस रणनीतिक योजनाको मध्यावधि मूल्यांकन गरी मन्त्रालयमा प्रतिवेदन पेश गर्ने।
- विभागको प्रतिवेदनसमेतको आधारमा मन्त्रालयले रणनीतिक योजनाको पुनरावलोकन गर्न सक्ने।

# अनुसूची १: अन्तरप्रादेशिक र प्रदेशभित्रको राष्ट्रिय वनको सीमाङ्कन नक्सा





## Province National Forest and Inter Province National Forest of Karnali Province






**Inter Province Forest Area : 223283 Ha**


Province National Forest and Inter Province National Forest of Lumbini Province




Province National Forest and Inter Province National Forest of Gandaki Province
N
Legend
Inter Prov Forest
Provincial Forest
Forest Inside PA
Non Forest
0
15
30
60
90
120
Km
Inter Province Forest Area : 143205 Ha


Province National Forest and Inter Province National Forest of Bagamti Province
N
Legend
Inter Prov Forest
Provincial Forest
Forest Inside PA
Non Forest
0
12.5
25
50
75
100
Km
Inter Province Forest Area : 292551 Ha


Province National Forest and Inter Province National Forest of Madhesh Province
N
Legend
Inter Prov Forest
Provincial Forest
Forest Inside PA
Non Forest
Inter Province Forest Area : 61055 Ha
0
12.5
25
50
75
100
Km



Province National Forest and Inter Province National Forest of Koshi Province
N
Legend
Inter Prov Forest
Provincial Forest
Forest Inside PA
Non Forest
Inter Provine Forest Area : 62095 Ha
0
12.5
25
50
75
100
Km

# अनुसूची २: शब्दावली

| शब्द | | अर्थ |
|---|---|---|
| मिचाहा प्रजाति | : | आफ्नो प्राकृतिक दायराभन्दा बाहिर प्राकृतिक रूपमा पुनरुत्पादन भई हुर्किएका बोट, विरुवा, जनावर तथा अन्य जीव जसले स्थानीय जैविक विविधता, पारिस्थितिकीय सेवाहरू वा मानव अर्थव्यवस्था र कल्याणमा नकारात्मक प्रभाव पार्छ। |
| जैविक मार्ग | : | मानव गतिविधि वा संरचनाहरूद्वारा अलग गरिएको वन्यजन्तुको जनसंख्यालाई (Wildlife Population) जोड्ने वासस्थानको क्षेत्र। |
| Slash Materials | : | रूख हरूको कटान, प्रुनिंङ र थिनिंङपछि Forest Floor मा बाँकी रहने काठ, बोक्रा तथा अन्य ज्वलनशील पदार्थहरू। |
| Fuel Loading | : | वनको भूईँमा ज्वलनशील पदार्थ जस्तै पातपतिङ्गर, काठ, बोक्रा आदि जम्मा हुने प्रक्रिया। |
| Quick Response Team | : | आपत्कालीन अवस्थामा तत्काल सहायता प्रदान गर्न प्रशिक्षित विज्ञहरूको समूह। |
| Undergrowth | : | वनको छत्र र वनको भुइँको बीचमा हुर्कने वनस्पति जस्तै लाथ्रा, विरुवा आदि। |
| Quarantine | : | संक्रामक रोगको सम्पर्कमा आएका वनस्पति वा जनावरहरूलाई राखिने स्थान। |
| Integrated Pest Management | : | रोग कीरा नियन्त्रण पद्धति जसले कीराहरूको नियन्त्रणको लागि रासायनिक र गैररासायनिक दुवै अभ्यासहरू एकीकृत गर्दछ। |
| प्रथाजनित अभ्यास | : | पुस्तैनी रूपमा स्थानीय समुदायहरूले आर्जन गरेका कार्य र ज्ञानहरू। |
| Yield Regulation | : | उत्पादनको मात्रा अर्थात् कति कटानी गर्ने, कहाँ कटानी गर्ने, कहिले कटानी गर्ने र कुन रूपमा (मुख्य कटाई, मध्यवर्ती कटाई, आदि) भन्ने अनुमान गर्ने प्रक्रिया। |

| | | |
|---|---|---|
| Yield Table | : | एक प्रकारको वृद्धि वा उत्पादन तालिका जसले दिइएको उमेर, साइट वा बालीको गुणस्तर र कहिलेकाँही घनत्वजस्ता अन्य सूचकांकहरूको आधारमा अपेक्षित उत्पादकता/भोल्युमेट्रिक (Volumetric) उपज सूचीबद्ध गर्दछ। |
| स्रोत सर्वेक्षण | : | कुनै उद्देश्य प्राप्त गर्न उपलब्ध सबै स्रोतहरूको पहिचान र मापन गर्ने प्रक्रिया। |
| Logging | : | कटान गरिएका रूखहरूलाई गोलिया काठमा परिवर्तन गर्ने प्रक्रिया। |
| बायोमास (Biomass) | : | वनस्पतिहरू र रूखहरूमा रहेको जैविक पदार्थहरूको समग्र मात्रा। |

**नेपाल सरकार**
**वन तथा वातावरण मन्त्रालय**
सिंहदरवार, काठमाडौं
+९७७–१–४२११७३७, ४२११७०३, ४२११५९९
info@mofe.gov.np
https://www.mofe.gov.np/